₹ १०/-

सन्त निरंकारी (नेपाली)

पेज-३६ • वर्ष-६ • अंक-७ • जुलाई,२०१४

वाराणसी (उ.प्र.) मा सद्गुरु बाबा जी को सान्निध्यमा आयोजित सत्संग समारोहको एक दृश्य

कानपुर (उ.प्र.) मा सद्गुरु बाबा जी को आगमनमा आत्मीय स्वागत गर्दै स्थानीय श्रद्धालुहरु

बहरीनमा मानव एकता दिवसको अवसरमा श्रद्धा र उत्साहपूर्वक रक्तदान गर्दै श्रद्धालुहरु

सन्त निरंकारी

पेज-३६

जुलाई - २०१४

सम्पादक : पूर्ण कुमाल

कार्यकारी सम्पादक : मिन ब.सुनार

बर्ष-६ अंक-०७

सह-सम्पादक : सुरेन्द्र खड्का

उप-सम्पादक : अर्जुन मयालती

विषय - सूचि

सम्पादकीय.....पूर्ण कुमाल.....४

पुरुषार्थ.....सुदर्शन कुमार वेदी.....५

शान्तिको खोज.....राम कुमार 'सेवक'.....९

अध्यात्म र विज्ञानको सम्बन्ध..देवी प्रसाद.....१३

श्री गुरुबचनामृत....निरंकारी बाबा.....१५

अध्यात्म-विज्ञानबाट चरित्र निर्माण.....

डा.(प्रा.) बलराम भगत.....२३

अल्लारे बालबालिका प्रति आमाको जिम्मेवारी....

सत्नाम कौर.....२७

सत्संगको महत्व.....मीन बहादुर सुनार....३१

सूचना....सन्त निरंकारी पत्रिका विभाग.....३३

भन्छ अवतार.....अर्जुन मयालती.....३४

राष्ट्र	वार्षिक	आजीवन सदस्य (२० वर्षसम्म)
भारत/नेपाल	₹ 100	₹ 1000(भारु)
इंग्लैण्ड	£ 12	£ 150
अमेरिका	$ 20	$ 250
युरोप	€ 15	€ 200
क्यानेडा	$ 25	$ 300

प्रति अंक ` १०/- (भारु)

कार्यलय/पत्रचार ठेगाना

पत्रिका विभाग

सन्त निरंकारी सत्ससंग भवन

५०, मोरबाग रोड, दादर, मुम्बई-४००० १४

फोन/फ्याक्स– 24102047

www.nirankari.org

email : kumalpurna54@gmail.com

मालिक

सन्त निरंकारी मण्डल

सन्त निरंकारी सत्संग भवन

माहूल रोड चेम्बूर,

मुम्बई- ४०००७४

फोन नं.- २४१०५७४९

नोट : लेखकको विचारसंग सम्पादकको सहमति हुनु अनिवार्य छैन् ।

सन्त निरंकारी मंडल (चेंबूर) को लागि मुद्रक एवं प्रकाशक- श्री चंद्रकांत अनंत जाधवद्वारा संतोष प्रिंटर्स, जय शिवाजीकमर, कात्रक रोड, वेस्ट डिपोको नजिक वडाला, मुम्बई-४०००३१ बाट मुद्रीत सन्त निरंकारी सत्संग भवन, ५०, मोरबाग रोड, दादर (पूर्व), मुम्बई-४०००१४ बाट प्रकाशित. सम्पादक- पूर्ण कुमाल

सम्पादकीय
मानव चोला सार्थक बनौं

संसारका सबै प्राणी-जीव-जन्तुहरुमा मानव प्राणी एक उत्कृष्ट पंक्तिमा आउने गर्दछ । किनभने मानव एक चेतनशिल प्राणी भएको कारण प्रभुले मनुष्यलाई अधिकत्तम बल प्रदान गरेकोछ तर यस बललाई उपयोग कोही कसैले कसरी गुरुन, त्यो कर्ताहरुको ईच्छामा भर पर्दछ, यसमा ईश्वरको कुनै नियन्त्रण हुँदैन । आज यो स्वतन्त्रता मानव प्राणीलाई प्राप्त भएकोले त्यस बलको प्रयोग उसले रचनात्मक गरोस वा विध्वांसात्मक उपयोग गरोस त्यो कर्तामा निर्भर हुन्छ । तर यो सत्य रहेकोछ कि जति समय मानवलाई प्राप्त भएकोछ त्यो सबै प्रभुको कृपाबाट नै प्राप्त भएको हो । मानवलाई थाह छैन् की यो अमूल्य श्वास मलाई ईश्वरले किन दिएको हो,यसलाई कसरी प्रयोग गर्नु पर्दछ, यसको बारेमा उसले कहिलै चिन्तन मन्न गर्दैन । मानव सधै अर्काको निन्दा-चुगली, ईर्ष्या-द्वेष, वैर-विरोध आदिमा नै समय बिताई रहेको पाईन्छ । तर उसलाई थाह छैन् कि नैतिकताको बचाव, अथवा मानवताको स्थानपना हेतु यो स्वतन्त्रता मलाईलाई प्राप्त भएको हो ।

कुनै व्यक्तिले भक्ति गर्नु या न गर्नु उसको विवेक शक्ति जागृत छ कि छैन् त्यसमाथि निर्भर हुने गर्दछ । यदि विवेक शक्ति जागृति छैन् भने उसले आफ्नो जीवनमा सही-गलतको निर्णय गर्न सक्दैन र उसले गलत कार्यहरुलाई ठीक मानेर गर्न थाल्छ । यो एक बिडम्बना नै हो आज अधिकांश व्यक्ति आ-आफ्नो क्षुद्र स्वार्थको घरमा बसेर सही-गलतको निर्णय लिरहेकोछ । जसको कारण आज देश, समाज तथा विश्वको अवस्था दिनानुदिन तल खस्कदै गईरहेकोछ ।

कुनै पनि समाज विरोधी कार्य गर्ने व्यक्तिसंग यदि उसको कुकर्महरुको गुनासो गर्छौं भने उसले पनि आफ्नो कुकर्महरुलाई प्रभुको ईच्छा नै भन्ने गर्छ र त्यसको समर्थनमा बलियो तर्क दिने गर्दछ। यसबाट स्पष्ट हुन्छ कि यस्ता प्रकारका व्यक्ति ब्यूँझिएका त छन् तर जागृत (चेतन) भने छैनन् । उनीहरुमा विवेक शक्ति नै छैन् ।

धर्मावलम्बिहरु पनि जबसम्म सेवा, सुमिरण, सत्संग आदिलाई आफ्नो जीवन र व्यहारमा लागु गर्दैनन् तबसम्म सन्त भन्नु केवल एउटा छाप लगाउनु मात्र हुनेछ । यसबाट उनीहरुलाई जीवनमा कुनै प्रकारको उपलब्धि हासिल हुन सक्दैन । हासिल गर्छन् भने पनि उनीहरुले भौतिक सुख-सुविधालाई मात्र गर्न सक्छन् । जीवनको यथार्थ सुख-शान्तिलाई प्राप्त गर्न सक्दैन । ईश्वरले मानव चोला प्रदान गर्नुको मुख्य उद्देश्य भनेको नै संसारमा मानवताको सन्देशलाई फैलाउदै सम्पूर्ण मानव प्राणीमा भाइचाराको वातावरण स्थापित गर्दै विश्वलाई एकत्वको सूत्रमा बाँधेर शान्ति-अमन चैनको प्रकाशलाई प्रत्येक मानव प्राणीको जीवनमा स्थापित गर्नु हो ।

तसर्थ आउँ हामी पनि यस मानव चोलालाई सार्थक बनाउनको लागि समयमा नै बाबा जी ले प्रदान गरेको ज्ञानलाई आफ्नो जीवनमा ढाल्दै जीवनलाई जागृत गर्दै, सहि निर्णय गर्दै कर्म क्षेत्रमा निरन्तर अगाडि बढ्ने प्रयत्न गरौं । यसैबाट हाम्रो मानव चोला सार्थक हुनेछ ।

पूर्ण कुमाल
kumalpurna54@gmail.com

पुरुषार्थ

सुदर्शन कुमार वेदी

जुन व्यक्तिमा पुरुषार्थ हुन्छ, त्यसले प्रत्येक कार्यलाई धेरै राम्रो तरिकाले क्रियान्वित गर्न सक्छ । यस्ता किसिमका व्यक्ति अलसी होईन, उद्यमी हुने गर्दछन् । त्यसमा शक्तिको, पौरुषको झलक आउने गर्दछ । धेरै व्यक्तिहरु यस्ता हुने गर्दछन्, जसले सोच्ने गर्दछन् तर केही गर्दैनन् किनभने उनीहरुमा कुनै कार्यलाई गर्ने शक्ति हुँदैन । केवल सोच्दै गर, तर केही नगर यस्ता व्यक्तिहरुलाई शेखचिल्ली नै भन्न सकिन्छ । बाघलाई बाघ यस प्रकारले भनिन्छ किनभने उसले सोच्ने मात्रै गर्दैन, उसले पूरा शक्तिले हर कार्यलाई गर्दछ । त्यसमा गर्ने शक्ति हुने गर्दछ, पुरुषार्थ हुने गर्दछ । यसकारण कैयौ पुरुषहरुमा शेरको जस्तो शक्ति हुन्छ र जो उनले भन्छन् त्यो गर्ने गर्दछन् ।

तपाईले एउटा कथा सुन्नु भएको होला, एउटा घरमा श्रीमान-श्रीमती बस्ने गर्दथे । रातको समयमा उनको घरमा चोर आए । श्रीमतीले श्रीमानलाई भनिन् कि घरमा चोर पसेकाछन् । श्रीमतीको कुरा सुनेर श्रीमानले भन्यो, 'म हेरी रहेको छु ।' श्रीमतीले भनिन कि चोर कोठामा आई सके, श्रीमानले फेरि भन्यो हेरी रहेकोछु । श्रीमतीले फेरि भनिन्, चोरहरुले दराज खोलिरहेका छन् । श्रीमानले पुनः भन्यो मैले हेरी रहेकोछु । श्रीमतीले फेरि भनिन, चोरले लकर खोलेर सुन-चाँदीका गहना निकालेर बाहिर गई रहेकाछन् । श्रीमानले श्रीमतीको कुरा सुनेर

भन्यो, मैले हेरी रहेकोछु । चोरहरुले सम्पूर्ण समान लिएर गइहाले तर श्रीमान चाहि हेरिरहेको मात्र थियो किनभने चोरसंग लड्ने शक्ति त्यससंग थिएन । ऊसंग पुरुषार्थ थिएन, उद्यमको कमि थियो, पौरुषको कमी थियो । यसकारण जीवन जिउनु छ भने पुरुषार्थ हुनु अति आवश्यकछ, नत्रभने प्रत्येक काम भन्दै जाउला र भन्दै रहौला हेरि रहेकोछु ।

यस्तै प्रकारको एउटा अर्को कथा छ । एक राजाको अन्तिम समय आई सकेको देखेर

उनलाई सोधियो कि तपाईको उत्तराधिकारी कसलाई बनाउने ? राजाले भने कि प्रातःकालमा महलको बाहिर जुन पहिलो व्यक्ति देखा पर्दछ, म त्यसलाई नै आफ्नो उत्तराधिकारी बनाउनेछु । किनभने राजाका कुनै सन्तान थिएनन्, यसकारण उत्तराधिकारी कोही न कोहीले हुनु थियो । प्रातः एक पण्डित जी भिक्षा माग्दै महलको बाहिर देखा परे, त्यसै समयमा उनलाई राजा घोषणा गरियो । राज भएको केहि समयपछि छिमिकी राज्यमा थाह भयो कि त्यहाँका राजाले आक्रण सुरु गरयो । मन्त्रीले तुरुन्त यो कुरा राजालाई भने, मन्त्रिको कुरा सुनेर उनले भने उनीहरुलाई आउनु दिनुस । छिमिकी राज्यका सेनाहरु भित्र प्रवेश गर्दै गए । मन्त्रिले राजालाई सूचना दिदै गए । राजाले पनि आउन देऊँ, हेरौला । जब सेना राजको कोठाभित्र प्रवेश गरे, तब राजलाई सूचना दिइयो कि अब सेना तपाईको कोठामा प्रवेश गरिसकेकाछन् र उनीहरुले तपाईलाई बन्दी बनाउनेछन् । त्यो सुनेर राजले भने, यता आयर, मेरो कमण्डल लिएर आउ । पण्डित जी ले आफ्नो कमण्डल उठाउनु भयो र त्यहाँबाट बाहिर निस्कनु भयो । त्यसै समयमा छिमेकी राज्यका सेनाले आफ्नो कब्जामा लिन सफल भए । यस प्रकार जुन राजा मरिरहेको थियो, त्यसमा पनि पुरुषार्थको कमी थियो र जुन राजा बन्यो त्यसमा पनि पुरुषार्थको कमि थियो । यसकारण पुरुषार्थ जीवनमा छैन र आलस्यले घेरेर राखेको छ भने यस्तो प्रकारको काम हुने गर्दछ । अव्यवस्था फैलिने गर्दछ, चोर, डाकु, ठग, लुटेराको बिगबिगी हुन थाल्छ र प्रजा दुःखी हुन्छन् । त्यसैले भनिन्छ कि जिम्मेवारी त्यस व्यक्तिलाई देउ जसमा काम गर्ने शक्ति होस । पुरुषार्थ नै छैन् भने उसले सबै चिज समाप्त गर्न सक्छ ।

एउटा अर्को कथा रहेकोछ कि एक कोठामा काका र भतिजा सुति रहेका थिए । रातीको समयमा एक चोर आयो । ती दुबैले चोरलाई देखे । चोरले चोरी गरेर त्यहाँबाट हिडि हाल्यो । जब घरका मान्छेहरु आएर उनीहरुलाई उठाएर भने तिमी दुबैलाई घरको जिम्मेवारी सौपेका थियो, फेरी पनि यो चोरी कसरी भयो ? यो कुरा सुनेर ति काका भतिजाले भने कि हामी के गर्न सक्थ्यो, चोर र लठ्ठी दुई थिए, हामी काका भतिजा एक्लै थियौ, यसकारण चोरले चोरी गरेर गयो । यो पनि एक पुरुषार्थको कमिको उदाहरण हो । परिश्रम गर्ने बानी न हुनु, अलसी स्वभाव, शक्ति सम्पन्न भएर पनि शक्तिहिन हुनु ।

यसरी समाजलाई यस्ता व्यक्तिहरुले कमजोर बनाएर राखेकोछन् । अतः हामीले सवैभन्दा पहिले आफ्ना बच्चाहरुलाई परिश्रम गर्ने बानीको विकास गरौ ताकि उनीहरुमा पुरुषार्थ आउन सकोस र कुनै काम समझदारी

र जिम्मेदारबाट पूरा गर्न सकुन । अथर्ववेदमा महर्षि लेख्नु हुन्छ कि मेरो दायाँ हातमा कर्म छ र बायाँ हातमा जय । यसको भाव यो हो कि जुन कर्महीन छ उसको जय कहाँ हुन्छ । त्यो त कमण्डल उठाएर भाग्नेछ । शेक्सपीयरको कथन छ कि हाम्रो आनन्दपूर्ण बदकारिया नै हाम्रो उत्पीडनको छडी बन्ने गर्दछ । यस कुरालाई कबीर जी ले यसरी वर्णन गर्नु भएको छ कि आफ्नो करनी कहिलै निष्फल जाँदैन, सात समुन्द्र सुखे पनि अगाडि गएर प्राप्त हुने गर्दछ । यसकारण जुन व्यक्तिमा पुरुषार्थ छैन त्यसले कुनै कार्यलाई अगाडि बढाउन सक्दैन ।

कुनै पनि काममा सफलता प्राप्त गर्नको लागि पुरुषार्थको ठूलो आवश्यकता हुने गर्दछ । कुनै महापुरुषबाट कुनै बालकले सोध्यो कि सफलताको के रहस्य हुन्छ सक्छ त त्यसको जवाफमा महापुरुषले बालकलाई सम्झाउदै भने कि सफलताको रहस्य रहेकोछ उन्नासय प्रतिशत् परिश्रम र एक प्रतिशत् मार्गदर्शन । जसमा पुरुषार्थ छ, परिश्रम गर्ने भावना छ, त्यो इशारा थाह पाएपछि उसले सबै कार्य सफलतापूर्वक सम्पन्न गर्न सक्दछ । जसले परिश्रम गर्दछ, त्यसको ईश्वर सच्चा साथी हुनु हुन्छ । वेद, कुरान, गीता र बाईबललाई पढ्नु उसको सार्थक हो, जसले आलस्यदेखि टाढा राख्ने गर्दछ । आलस्य गर्नु दुबैमा पाप मानिएकोछ । शतरंज पुराणमा भनिएको छ कि जसले सम्पूर्ण शक्तिबाट परिश्रम गर्दैन, त्यसलाई लक्ष्मी (धन) प्राप्त हुँदैन । पुरुषार्थ गर्नेलाई सफलता पाइला-पाइलामा प्राप्त हुने गर्दछ । यस्तो भनिएकोछ कि बस्नेहरुको भाग्य बस्ने गर्दछ र जो उभिन्छ, त्यसको भाग्य पनि उभिएर आउने गर्दछ ।

वेद-शास्त्रमा जीवनको चार पुरुषार्थ मानिएको छ । पहिलो पुरुषार्थ धर्म हो । नियमानुसार आफ्नो कर्तव्यलाई पुरा गर्नु र फलको इच्छा न गर्नु धर्म हो । अर्को पुरुषार्थ हो अर्थ, रगत-पसिनाको कमाईमा नै प्रफुल्लता हुने गर्दछ । यस्तो कमाई गरेर आफ्नो जीविका चलाउनेलाई अर्थ भन्ने गरिन्छ । तेस्रो पुरुषार्थ हो काम, यसको अर्थ हुन्छ काममा सधै लागि रहनु र उर्जाको संचय गरेर पितृ-ऋणबाट मुक्ति पाउनको लागि कुनै योग्य कन्यासंग विवाह गरेर सन्तान उत्पति गर्नु । चौथो पुरुषार्थ हो मोक्ष । यसको अभिप्राय यो हो कि पूर्ण सद्गुरुको चरणमा पुगेर ब्रम्हाज्ञानको दीक्षा लिएर प्रत्येक कार्यलाई पुरुषार्थबाट गर्दै आफ्नो अज्ञानतावाट मुक्ति पाएर आनन्दमय जीवन जिउनु नै मुक्ति हो । यस प्रकार यो सम्पूर्ण कार्य पुरुषार्थबाट गर्नु पर्ने हुन्छ । सम्पूर्ण धर्म ग्रन्थ र महापुरुषहरुले हामीलाई यही शिक्षा प्रदान गर्दै आउनु भएकोछ कि हामीले कठिन परिश्रम गर्ने बानीको विकास गर्नु गर्दछ । जीवनमा सफलता प्राप्त गर्नको लागि यो नै राम बाण हो । परिश्रम गर्ने व्यक्तिहरुमा र पुरुषार्थ व्यक्तिहरुमाथि यो सम्पूर्ण संसार अडेको हुन्छ । संसारमा जति पनि प्रगति भएकोछ, त्यो पुरुषार्थ गर्नेहरुको माध्यमबाट नै भएको हो र यस संसारमा जति पनि पतन



भएको छ त्यो सबै आलस्य गर्नेहरुबाट नै भएको हो । एक विद्वानको कथन रहेकोछ कि मनुष्यको सबैभन्दा राम्रो मित्र उसको दश औलाहरु हुन । यसकारण हामी यी दस औलाहरुमाथि निर्भर गर्नु पर्दछ । पुरुषार्थ गर्ने व्यक्ति मात्र वेदलाई पढ्ने मात्र गर्दैन, त्यसमा उल्लेख गरिएका कुराहरुको अमल पनि गर्ने गर्दछ । उसले यस जीवनलाई कर्मक्षेत्र सम्झेर सम्पूर्ण सांसारिक काम गर्दै आफ्नो मोक्षको बारेमा सोच्दछ र सद्गुरुबाट ब्रम्हाज्ञान लिएर यस पृथ्वीमा सन्तको उपाधिबाट विभूषित भएर सम्पूर्ण संसारको कल्याण गर्दछ । परोपकार गर्दछ र जहाँ रहन्छ, त्यहाँको वातावरण अति सुन्दर र स्वर्ग समान हुने गर्दछ । यसकारण हामीले आलस्यलाई छोडेर पुरुषार्थलाई अपनाएर आफ्नो सम्पूर्ण सांसारिक कर्त्तव्यहरुलाई पनि पालन गर्नु गर्दछ र आफ्नो मुक्तिको बारेमा पनि अवश्य सोच्नु पर्दछ।

अवतार बाणीको पद संख्या १६७ मा बाबा अवतार सिंह जी ले सम्पूर्ण मानव जातिलाई आव्हान गर्दै हुनुहुन्छ । उहाँले मानव मात्रलाई सन्देश दिदै हुनुहुन्छ कि-

काहनूं गाफल हो के सुत्तै अक्खां मीटी हे इनसान ।
जाग के अपणा कम मुक्क लै जिस लई आयै विच जहान ।
एह वेला फिर हत्थ न आउणा तूं पछतावेगा अनजान ।
इस दुनिया दे अन्दर बन्दे चार दिनां दा तूं महमान ।
मानुष जनम अमोलक पाया इस दा मिलणा नही आसान ।
मात गर्भ चों बाहर आ के भुल्ल गया एं तूं भगवान ।
अपणे आप तों तूं नावाकिफ सतगुरु केलों कर पहचान ।
झल्या तेरो मालिक केहडा जिसदे ने एह पिंड प्रान ।
अग्गे जा के मुंह की देसें एना ते तूं सोच विचार ।
कहे अवतार एह तेरे हत्थ विच बाजी अपणी जित या हार ।

उपरोक्त शब्दांशमा महात्माले मानव समाजलाई पुरुषार्थको बारेमा शिक्षा दिरहेका छन् कि तिमी आलस्य न गर, हिम्मत गर, आफ्नो सत्तालाई पहिचान गर, भगवानको दर्शन गर र अमर पदलाई प्राप्त गरेर जीवन मुक्त होऊँ । अगाडि तिम्रो ईच्छा कि पुरुषार्थबाट यो जीवनको बाजीलाई जित वा आलस्य गरेर यस जितेको बाजीलाई हार । यसकारण यो अनमोल जीवन हामीलाई मिलेकोछ । यसको हामीले अवश्य लाभ उठाउनु पर्दछ । महात्मा गान्धी लेख्नु हुन्छ, जसले शारीरिक परिश्रम गर्दैन, त्यसलाई खाने अधिकार कसरी हुन सक्छ । बाईबलमा लेखिएकोछ कि नमर्दासम्म तिमीले आफ्नो पसिनाको रोटी खानु पर्दछ । एमर्सन भन्दछन् कि आफ्नो अमूल्य समयको एक-एक क्षण परिश्रमबाट व्यतीत गर्नु पर्दछ । यसमा आनन्द छ । यस्तो गर्नुले कुनै क्षण पनि यस्तो बच्दैन त्यो सोच होस या पछुताउ होस ।

उपरोक्त कुराहरुबाट यो तथ्य प्रष्ट हुन्छ कि मनुष्यलाई सधै पुरुषार्थ गर्नु पर्दछ । आफ्नो हर प्रकारका कर्तव्यहरुलाई भली भाँती परिश्रम र पुरुषार्थद्वारा पुरा गरौ । परोपकारको लागि पनि समय निकालौ र मोक्ष हेतु पूर्ण सद्गुरुबाट ब्रम्हाज्ञान प्राप्त गरेर आफ्नो सबै भ्रम समाप्त गरौ र सुखी जीवन बिताऔं ।

सूचना

यदि हजूरहरुले सन्त निरंकारी नेपाली मासिक पत्रिका नेपाल र भारतमा समयमा पाई राख्नु भएको छैन् भने निम्न नं. मा सम्पर्क गर्न हुन सम्पूर्ण सन्त महात्माहरुको चरणमा बिन्ति गरिन्छ ।

अर्जुन मयालती-०९०२९०६६१७०,
मिन बहादुर सुनार-०८९७६६७२५४५

शान्तिको खोजा

-राम कुमार 'सेवक'

चारैतिर सन्नाटा छाइएको थियो । कहि कतै कोहि पनि देखि रहेको थिएन, केवल पानी नै पानी बाहेक । चारैतिर नजर दौडि रहेको थियो कि कतै कसैसंग भेट गरु र जसलाई आफ्नो भन्न सकु । जसको सहाराले जीवनको शान्त मानचित्रमा रंग भर्न सकियोस तर त्यहाँ सुनसान बाहेक अरु कुनै आवाज सुन्नुमा आई रहेको थिएन । आज चार दिन भइसकेको थियो रुखको हाँगामा बसेको । रुखबाट तल ओर्लिने कुनै साधन थिएन ।

पाँचौ दिन पानी घट्न सुरु भयो । मन्दिरको टुप्पो पनि देखा पर्न थाल्यो । विस्तारै-विस्तारै सम्पूर्ण मन्दिर नै देखा परयो । फेरि पानी कम भएपछि गाईभैसीहरुको गोठको पाखाहरु पनि देखिन थाले तर गोठमा भने गाईभैसीका लाश बाहेक अरु केही थिएन । चारैतिर लाशै लाशले गोठ भरिएको थियो । पानी कम भयो त्यस युवकको हृदयमा खुशीको तरंग बग्न थाल्यो । साथै उसलाई तल ओर्लिने वातावरणको सिर्जना पनि भयो ।

त्यो युवक तल त उर्लियो तर चारैतिर गाईभैसी मरेको गन्धले गर्दा उसको मस्तिष्क चकराउन थाल्यो । त्यस्तो किसिमको वातावरण आफ्नो अगाडि पाएकोले आफूलाई सम्हाल्न नसकेर ऊ त्यहाँबाट शान्तिको खोजमा अगाडि बढ्यो । हिड्दा हिड्दा ऊ पहाडतिर पुग्न गयो । रुखहरुबाट फल निकाल्दै अगाडि बढ्न थाल्यो तर अब फेरि त्यहाँ पनि चारैतिर सुनसान नै वातावरण छायको थियो । त्यो सुनसान वातावरणमा त्यसलाई गहिरो अशान्तिको अनुभव हुन थाल्यो ।

विहानी पख उसको निन्द्रा चराहरुको चिरचिराहटले खुल्न गयो तब उसको मस्तिष्कमा खुशीका तरंगहरु बग्न थाले । त्यस युवालाई धेरै आनन्दको अनुभव हुन थाल्यो तर बिस्तारै-बिस्तारै सूर्यको प्रकाश तेजिलो हुन थाल्यो, चराहरुको अवाज पनि कम हुँदै गयो, त्यस्तै प्रकारले त्यस युवकको खुशी पनि कम हुँदै गयो तर उसलाई भने कुनै मानवको उपस्थिति त्यहाँ भएको अभास भैरहेको थियो र उ अगाडि बढ्दै गयो ।

धेरै टाढा गई सकेपछि अगाडि उसले एउटा तपस्वीलाई तपस्यामा लिन भएको देख्यो । यो देखेर उसको खुशीको कुनै सिमा रहेन । ऊ तुरुन्त ति तपस्वीको चरणमा परयो ।

त्यसलाई लागि रहेको थियो, उसको लक्ष्य त्यहीसम्म छ। तपस्वी निकै शान्त स्वभावका भएकाले उनले नै उसलाई शान्ति प्रदान गर्न सक्छन्।

आफ्नो खुट्टोमा दबावको बोझ देखेर बिस्तारै उनले आँखा खोले। आफ्नो अगाडि यस्तो सुनसान ठाउँमा अर्को मानव प्राणीलाई देखेर तपस्वि पनि निकै खुशी भए। यो खुशीले उनलाई नौलो किरणको आकाश देखाइ रहेको थियो। तपस्विलाई त्यस युवकमा आफ्नी छोरीको श्रीमान देखाई परिरहेको थियो। उहाँलाई लाग्यो कि आफ्नो छोरीको हात पहेलो गर्नुमा ऊ शान्तिपूर्वक तपस्या गर्नेछ।

युवक हात जोडेर भन्न थाल्यो, 'ऋषिवर तपाई आनन्द दाता हुनुहुन्छ। मलाई शान्तिको बाटो बताउनुहोस।'

ऋषिले त्यस युवकलाई आशीष दिदै भन्यो, 'वत्स, भगवानले सबैको भलो गर्दछ। त्यसैले भगवानले तिमीलाई विशेष योजना अन्तर्गत नै म कहाँ पठाएकोछ। तिम्रो शान्ति मसंग रहेकोछ र मेरो शान्ति तिमीसंग रहेकोछ।'

युवकले भन्यो, 'महाशय, हजूर त परमशान्त देखा पर्नु हुन्छ। मलाई शान्तिको मार्ग हजूर नै देखाउन सक्नु हुन्छ।'

तपस्वीले भन्नु भयो, 'वत्स एक्लो मनुष्यले केही गर्न सक्दैन। उसलाई एक्लै शान्ति प्राप्त हुन सक्दैन। योगीलाई योगको र संसारीलाई नारीको सहारा लिनु पर्दछ तब मात्र शान्ति प्राप्त हुन सक्छ। म परमात्मासंग योग चहान्छु तब शान्त हुन सक्छु। तिम्रो जब नारीसंग संयोग होला, तिमीलाई पनि शान्ति प्राप्त हुनेछ।'

युवकलाई शान्तिको मन्त्र प्राप्त भइसकेको थियो। अतः उसले तपस्वीलाई प्रणाम गरयो र जाने संकेत गरयो तर तपस्वीले उसलाई जान दिनु भएन। ति तपस्वीले आफ्नो छोरीको हात त्यस युवकको हातमा दिएर आफ्नो तपको मार्ग निष्कंटक गर्न चहान्थ्यो। उनले उसको सामू योजना राखे र आफ्नो छोरीलाई उसलाई दिएर विदा गरे।

सुन्दर स्त्री पाएर युवा प्रसन्न थियो तर उनको प्रसन्नता अधिक धेरैबेरसम्म कायम हुन सकेन। विवाह पछि उसलाई आफ्नो श्रीमतीको खानाको पनि ध्यान दिनु पर्ने हुन्थ्यो। अब स्वतन्त्र थिएन। पहिले त त्यो युवक जे पायो त्यही खाने गर्दथ्यो तर श्रीमतीले आफ्नो ईच्छानुसारको खाना ल्याउन आग्राह गर्दथीं। जसको फलस्वरुप त्यो युवा शान्तीभन्दा अशान्ति धेरै हुन थाल्यो। फेरी त्यो अगाडि बढ्दै गयो, किनभने शान्तिको खोज आवश्यक थियो।

अलि पर गई सकेपछि उसले एक वनवासी परिवारलाई देख्यो। त्यसमा एक वृद्ध दम्पती बस्ने गर्दथे। उनीहरुको नजिकै एउटा गाई र भैसी पनि बाँधिएका थिए। युवकलाई

लाग्यो कि यी दम्पति अवश्यक पनि शान्त होलान् किनभने वरिपरी खान-पिनका सामग्रीहरु प्रसस्त मात्रामा थिए र यहाँ कुनै प्रकारको फोहोर मैला पनि थिएन । नजिकै पानीको स्वच्छ नदी पनि बगि रहेको थियो । त्यहाँको वातावरणबाट युवक धेरै प्रभावित भयो ।

ति दुवै युवा दम्पति आँगनमा गए । युवकले ति वृद्ध र उनीकी श्रीमतीलाई प्रमाण गरयो । ति दुबैलाई देखेर ति बृद्धा दम्पति धेरै खुशी भए । युवकले हात जोडेर वृद्धसंग भन्यो, 'महाशय, हजूरहरुको जीवन कित शान्तिपूर्ण रहेकोछ ? यहाँ धेरै सुखको अनुभव भैरहेको छ ।' वृद्धले भन्यो, 'छोरा, यहाँ न सुख छ र न त शान्ति नै । तिमी दुबैको आउनुको कारण नै यो प्रसन्नता झल्केको हो ।'

युवकले भन्यो, 'महाशय, हजूर दुबैको अशान्तिको कारण के हो ?'

वृद्धले ठूलो स्वरमा भने, 'छोरा, जबसम्म व्यक्ति सन्तान उत्पन्न गरेर पितृ ऋण चुकाउदैन तबसम्म त्यो सफल व्यक्ति हुन सक्दैन । हामी दुबै सन्तानविहीन हौं, यो नै हाम्रो अशान्तिको कारण हो ।'

वृद्ध दम्पतिले ति दुबैसंग आग्रह गरेकि ति त्यही बसुन । यहाँ घर पनि छ र गाईभैसी पनि छन् । यसबाट हाम्रो सन्तान बियोग पनि समाप्त हुनेछ र तिम्रो गृहस्थ धर्म पनि सजिलैसंग निर्भाह हुनेछ । ति दुबैले यो आग्रहलाई नकार्न सकेनन् र अन्ततः त्यही रहन थाले । युवकको व्यस्तता अझै बढेर आयो । उसले गाईभैसीहरुलाई घासपात गर्नु, सम्पूर्ण परिवारको खान-पिनको व्यवस्था गर्नु पर्ने भयो । वृद्ध दम्पति त्यति धेरै परिश्रम गर्न सक्दैन थिए ।

युवकले एक दिन सोच्यो कि शान्तिको खोजमा ऊ अशान्तितिर नै बढ्दै गईरहेकोछ, यो भूमरीबाट बाहिर कसरी निस्कन सकिन्छ ? उसले सोच्यो कि यस जालबाट निस्कनुमा नै मेरो भलाई हुनेछ ।

परिवारलाई १५ दिनसम्मको खान-पिनको व्यवस्था गरेर एक दिन त्यो युवक घरबाट निस्क्यो । ऊ अरु उचाईतिर बढ्न थाल्यो ।

नदी-रुख पछाडि छुटे । जंगल पनि समाप्त भईसकेको थियो । बर्फबाट सजिएका पहाड मात्र ऊ सामू थिए । उसको सहासले साथ दिन छोड्न थालेको थियो । त्यसै समयमा त्यसलाई एउटा गुफाको द्वार देखा परयो र ऊ त्यहाँ पस्यो । अन्धकारमा त्यो युवक धेरै टाढा गई सकेको थियो जसको कारण ऊ निकै थाकि सकेको थियो । तर उसको शान्ति भने निकै बढेर गई सकेको थियो । न कुनै फोहोर मैला, न कुनै समस्या तर उसको अशान्तिको भने कुनै सिमा नै रहेन । पुनः उसलाई सूर्यको किरण देखा परयो र ऊ त्यसै दिशातिर अगाडि बढ्यो । उसलाई केही आशा पलाउन थालेका थिए । उसलाई आफ्नी श्रीमतीको पनि याद आई रहेको थियो, जसलाई उसले तिन दिन पहिले

छोडेको थियो।

अगाडि बढ्दै उसले अरु प्रकाशका किरणहरु खोज्न थाल्यो। त्यसै सिलसिलामा ऊ अगाडि बढ्दै गयो तर गुफाको भने कही अन्त नजर आइ रहेको थिएन । अन्तमा ऊ थाकेर जमिनमुनि खस्यो। त्यहाँ ऊ धेरै बेरसम्म पल्टि रहयो। जब उसको चेतना आयो तब उसले आफू सामु एक तपस्वीलाई बसेको देख्यो। श्वेत रौं भएका महात्मा दयालु आँखाबाट उसलाई हेरिरहनु भएको थियो । उहाँको शरीरबाट नै सूर्यको जस्तो तेजिलो प्रकाश फुटि रहेको थियो । यहाँ उसलाई धेरै शान्तिको अनुभव भयो तर पटक-पटक उसको ध्यान वनस्थलीमा बसेकी आफ्नी श्रीमतीतिर गइ रहेको थियो, जसको कारण उसको शान्ति भंग भईरहेको थियो।

ऊ विस्तारै उठेर बस्यो र अगाडि बस्नु भएका ऋषितिर हेरयो। ऋषिले उसको तिर हेर्नु भयो। ऋषिले शान्त स्वरमा भन्नु भयो, 'वत्स, तिम्रो व्यग्रताबाट स्पष्ट छ कि तिमी पनि त्यस मृगको अनुकरण गरिरहेका छौ जुन पुरा जीवन कस्तूरीको सुगन्ध खोज्दै रहयो र त्यो कहिले पाएनौ।'

'तिमी शान्ति खोजी रहेका छौ नि ? कुनै ठाउँ यस्तो छैन्, जहाँ शान्ति छैन् ?'

यो सुनेर युवक अचम्म भयो। युवक केही भन्न खोजिरहेको थियो, त्यसै समयमा ऋषिले भन्नु भयो, 'यस्तो पनि कुनै ठाउँ छैन् जहाँ अशान्ति छैन् ?'

यस्तो विरोधाभाषी कुरा सुनेर त्यस युवकले आफ्नो समस्या समाधान गर्न चहान्थ्यो तर ऋषिले पहिले नै उसको उत्तर दिन थाल्ये । अनुभवी तथा ब्रम्हावेत्ताहरुमा स्वाभाविक नै यो योग्यता हुने गर्दछ।

केही बेरपछि ऋषिले भने, 'तिम्रो शान्ति त वनस्थलीमा नै रहेकोछ। त्यसलाई छोडेर तिमीले कतै शान्ति प्राप्त गर्न सक्दैनौ। अतः तिमी आफ्नो वनस्थली फिर्ता हौं।'

ऋषिको कुरा सुनेर युवक चुप बस्न सकेन र भन्न थाल्यो, 'महाराज, व्यग्रताको लागि क्षमा चहान्छु। मलाई यस्तो ठाउँ भन्नु होस जहाँ म शान्तिबाट जीवन बिताउनु सकु। म अहिलेसम्म जहाँ पनि गएकोछु अशान्तिलाई नै पाएको छु। यहाँ हजूरको सान्निध्यमा शान्ति अनुभव भैरहेकोछ तर पछिल्लो सम्झनाले अहिले पनि चित्तलाई हैरान गरिरहेकोछ।'

ऋषिले भने, 'परम शान्त परमात्मा छ। अखिल ब्रम्हाण्डमा कतै यस्तो स्थान छैन जहाँ परमात्मा छैन् । यसकारण ब्रम्हाण्डमा यसको दर्शन गर। सर्वत्र यसको दर्शन गर्छौ भने सर्वत्र शान्ति पाउनेछौ।'

त्यस युवकले भन्यो, 'परमात्मा के चिज हो ?' म सर्वत्र कुन विभूतिको दर्शन गरु ?' ऋषिले भने, 'भूतकालको बोझ टाउकोमा किन धुन्छौ ? लाखौ चाहेपनि जसमा परिवर्तन हुन सक्दैन, त्यस अतितले कसैको केही बिग्रान सक्छ, न त बनाउन सक्छ । 'ईशावास्यमिदं सर्वं' यो संसार ईश्वरबाट व्याप्त छ। बालक, वृद्धा, युवक सबैमा यो परमात्मा रहेकोछ। यो सृष्टिमा जुन पनि सत्य, शिव र सुन्दर छ, त्यो परमात्मा नै हो। परमात्मा नै सौन्दर्य हो। यस परमात्मालाई नै आफ्नो भूतकाल समर्पित गर र सबमा यसलाई निहारेर समर्पण भावबाट जीवन चलाउछौ भने परमशान्त हुने छौ ।' ऋषिले यो भनेर आफ्नो आंखा चिम्नु भयो र ध्यानमग्न हुनु भयो।

युवकले ऋषिलाई दण्डवत् प्रणाम गरेर वनस्थलीतिर फिर्ता भयो।

अध्यात्म र विज्ञानको सम्बन्ध

-देवी प्रसाद, अधिवक्ता (इलाहाबाद)

विज्ञान ज्ञानको यस्तो शाखा हो जुन तथ्यहरुको तर्कसंगतलाई व्याख्या गर्दछ र अनेक प्रयोग तथा परीक्षणहरुद्वारा सिद्ध भएपछि त्यसमाथि विश्वास गर्दछ।

सामान्यतया मानव यसलाई नै मानेर बस्दछ कि अध्यात्म र विज्ञानको टाढासम्म कुनै सम्बन्ध छैन् तर जुन प्रकारले विज्ञान एक विषयको नाम हो त्यस्तै प्रकार अध्यात्म पनि एक भिन्नै विषयको नाम हो । दुवैमा विरोधाभास देखा पर्दछ तर श्रीमद्भगवद् गीतामा भगवान श्रीकृष्णले अर्जुनलाई भन्नु भयो कि 'हे अर्जुन, मेरो विज्ञानी भक्त सर्वश्रेष्ठ हो अतः तिमी विज्ञानी बन् ।' यहांनिर विचारणीय कुरा के छ भने अर्जुनलाई कुन विज्ञानको पढाईको लागि इशारा गरिएको हो । अहिलेसम्म हामी कुनै विषय विशेषलाई विज्ञान एवं उसको डिग्रीधारीलाई विज्ञानी मान्ने गर्दथ्यो । कुनै ग्रह, नक्षत्रका ज्ञानी, भौतिक, रासायनिक जैविक-अजैविक, सूक्ष्म स्थूल, अस्त्र-शस्त्र वा कुनै सांसारिक वस्तुहरुको आविष्कार एवं अध्ययनकर्तालाई नै विज्ञानी मान्नु, विज्ञानी हुनुको धेरै नै संकुचित अर्थ रहेकोछ । अन्तरिक्ष विज्ञानबाट अहिलेसम्म चन्द्रमासम्म पुगेका छन् । यस्तै प्रकारले अन्य ग्रहहरुसम्म जाने प्रयास पनि जारी नै छ । अहिलेसम्म एउटा नै सौर्य मण्डलको मात्र अनुसन्धन भएको छ, जबकि ब्रम्हाण्डमा असंख्य आकाश गंगाहरु विद्यमान रहेका छन् । एक आकाश गंगामा असंख्य ताराहरु रहेकाछन् । त्यसमध्यबाट एउटा तारा हाम्रो सूर्य हो । जसको चारैतिर नौ ग्रहहरुले चक्कर लगाउने गर्दछन्, त्यसमध्यबाट नै तेस्रो क्रममा रहेको ग्रह हाम्रो पृथ्वी हो । वैज्ञानिक अल्बर्ट आइंसटीनले शायद यसकारणले भनेका थिए होलान कि हामी सबैले अहिलेसम्म जुन जानकारी प्राप्त गरेका छौं त्यो समुन्द्रको तुलनामा छेउमा रहेको बालुवाको एउटा कणको समान पनि छैन् । गोस्वामी तुल्सीदास जी ले रामचरित मानसको उत्तरकाण्डमा (७९ ख/३) मा उल्लेख गरेका छन् कि-

कोटिन्ह चतुरानन गौरीसा।
अगनित उडगन रबि रजनीसा।
अगनित लोकपाल जम काला।
अगनित भूधर भूमि बिसाला।

अर्थात करोडौ ब्रम्हा, शिव, अनन्त तारा, अनन्त सूर्य-चन्द्रमा, अनन्त पृथ्वी, राजा महाराजा तथा लोकपाल ब्रम्हाण्डमा स्थापित छन् तर राम एउटा नै छ। गुरु नानक देव जी भन्नु हुन्छ कि-

पाताला पाताल लख अगासा आगास।
ओडक-ओडक भालि थके वेद कहनि इक बात।
(आदिग्रन्थ-५)

अर्थात लाखौं आकाशको अगाडि अरु आकाश विद्यमान रहेकोछ। लाखौं पातालहरुको वीच अरु पाताल विद्यमान रहेकोछ । मानव बुद्धि खोज्दा-खोज्दा थाक्ने गर्दछ।

विचारणीय कुरा यो छ कि यी सन्त महापुरुषहरुले कुन विज्ञान पढे ? अहिले संसारका अनेकौ देशहरुका वैज्ञानिक मिलेर ब्रम्हाण्डको उत्पत्तिको रहस्य खोल्नुमा प्रयासरत रहेकाछन् । विचार गरौं कि जुन परिस्थितिहरुलाई उत्पन्न गर्नको लागि धेरै

सानो स्तरमा यति धेरै यत्न गरिदैछ कि धेरै ठूलो स्तरमा यस्तो प्रयोगशाला कसले बनाएको होला ? प्रारम्भिक अवस्थामा काम आउने पादर्थ (कण) कहाँबाट आएको होला ? प्रयोगशाला कहाँ स्थापित गरिएको होला ? सम्पूर्ण प्रयोगको नियन्त्रण कसले गरेको होला ? यी सबै यक्ष प्रश्नहरु पनि हाम्रो अनुसन्धानको विषय हुनु पर्दछ । पदार्थको सानोभन्दा सानो कण खोजिदैछ । जबकि महान वैज्ञानिक आइन्सटाईनले भनि सकेका छन् कि पदार्थ त एक उर्जा हो जुन निराकार हो । हाम्रो अनुसन्धानको यो पनि विषय हुनु पर्दछ कि जब पदार्थको अस्तित्व समाप्त हुने गर्दछ भने उर्जा कहाँ जाने गर्दछ ? भौतिक नियम अनुसार उर्जा न त उत्पन्न हुन्छ न त नष्ट हुने गर्दछ । केवल एक रुपबाट अर्को रुपमा परिवर्तित हुने गर्दछ । हामीलाई यस कुराको पनि ध्यान दिनु पर्दछ कि पहिले पनि धेरै पटक क्रमशः अणु, परमाणु प्रोटिन, न्यूट्रोन, इलेक्ट्रोन आदि कणहरुलाई अविभाज्य कणहरुको संज्ञा प्रदान गरिएकोछ । यदि गोस्वामी तुलसीदास जी एवं गुरु नानक देव जी जस्तै सन्त-महापुरुषहरुको कुरामाथि विचार गर्छौं भने प्रत्येक कण अगाडि विभाजित छन् । यो एउटा अनन्त प्रतिक्रिया हो र यही नै सत्य पनि हो ।

अध्यात्म र विज्ञान दुवै आफूमा पर्याप्त विस्तृत रहेकोछ । अध्ययनको सुविधाको लागि ज्ञानलाई इकाईमा बिभाजन गरिएकोछ । जस्तै सामान्य विज्ञान, सामाजिक विज्ञान, भौगोलिक विज्ञान, चिकित्सा विज्ञान, रसायन विज्ञान, भौतिक विज्ञान, जीव विज्ञान, कार्बनिक तथा अकार्बनिक विज्ञान एव अन्य शाखाहरु । वास्तवमा ज्ञानको कुनै इकाई छैन् तर वृहद् अस्तित्व रहेकोछ । ब्रम्हाज्ञान त्यो ईकाई हो जुन सबै इकाईहरुलाई जोड्ने गर्दछ । भनिएको पनि छ-

और ज्ञान सब ज्ञानडी ब्रम्हाज्ञान एक ज्ञान ।
जैसे गोला तोप का साफ करे मैदान ।

वास्तविकता त यो हो कि विज्ञानबाट मानवलाई यति धेरै सुख-सुविधाहरु प्राप्त भएबाट पनि उसमा शान्ति एव सन्तोष नामको कुनै चीज देखा पर्दैन । विज्ञानबाट मानवलाई केवल बाह्य विकास मात्र हुन सक्छ । खानाको लागि स्वादिष्ट व्यंजन, बस्नको लागि सुन्दर घर, लगाउनको लागि सुन्दर लुगा एवं आभूषण, आवागमनको लागि विलासितापूर्ण वाहन प्राप्त हुन सक्छ तर आत्माको विकास भने कदापि हुन सक्दैन । आत्माको विकास केवल आध्यात्मिकताबाट मात्र सम्भव रहेकोछ । मानवको सर्वांगीण विकास केवल अध्यात्मवादबाट मात्र हुन सक्छ । अध्यात्मको अर्थ नै हुने गर्दछ आत्माको अध्ययन जिसको अध्ययनबाट सुख शान्ति र सन्तोष प्राप्त हुन्छ । यदि मानव आफ्नो वास्तविकतालाई जान्छ भने निश्चितरुपबाट उसले आनन्दको निन्द्रामा सुत्न सक्नेछ । आत्मालाई जानि सकेपछि मानवलाई संसारका सबै प्राणीहरुमा आफ्नै छाया देखा पर्दछ । उसले सबै राक्षेसी गुणहरुलाई त्यागेर मानवीय गुणलाई नै अपनाउने गर्दछ । उसको मस्तिष्कमा निन्दा, नफरत, इर्ष्या, द्वेष, काम, क्रोध, लोभ, अहंकार, छल, कपट आदि आउन पाउदैनन्, त्यसको विपरित मानवता, प्रेम, नम्रता, सहनशीलता, भाईचारा, मिलवर्तन, दया, परोकार, क्षमा, सहयोग आदि सबै गुणहरु आउने गर्दछन् । ऊ स्वार्थको भावनाबाट माथि उठेर परमार्थको लागि कार्य गर्दछ । त्यो संकीर्ण विचारहरुलाई त्यागेर उदारतासंग संसारमा विचरण गर्दछ । यस्ता मनुष्य संसारलाई सद्भाव तथा एकता, भाइचारा तथा शान्तिको मार्ग देखाउने गर्दछन् । ऊ स्वयं पनि (बाँकी २६ पेजमा)

श्री गुरुवचनामृत



१९ अप्रेल २०१४
शनिवारका दिन
ईलाहबाद (उ.प्र.) को
संगम तट स्थित माघ
मेला मैदानमा आयोजित
सत्संग समारोहमा उपस्थित
विशाल जन समूहलाई
सम्बोधन गर्नुहुँदै सद्गुरु
बाबा हरदेव सिंह जी
महाराजले भन्नुभयो–

साध संगत जी प्रेमले भन्नुहोस ।
धन निरंकार जी ।

साध संगत आज यहाँ ईलाहाबादको संगम तटमा हजुरहरु सबैको यो विशाल रुपमा दर्शन गरेर धेरै खुशी लागीरहेको छ । यहाँ एउटा यस्तो भव्य रुप बनेको छ, उलिएर आएको सागर जस्तो लागीरहेको छ, हजुरहरु सबै एउटा सुन्दर भाव लिएर उपस्थित् हुनुभएको छ । हिजो मात्र दिल्लीबाट वाणारसी आइ पुगियो र हिजो साँझ पनि राम नगरमा यस्तै किसिमको विशाल रुप बनेको थियो जुन केहिबेर पहिले पनि हजुरहरुले मञ्चबाट श्रवण गर्नुभयो, यो वर्ष उत्तर प्रदेशको प्रान्तीय समागम त्यस किसिमले आयोजना हुन सकेन । गत वर्ष उत्तर प्रदेशको समागम लखनऊमा आयोजित भएको थियो र यसपाली पनि मार्चमा यहि कुरा

भइरहेकोथियो । हुन त हरियाणाको प्रान्तीय समागम रेवाडीमा मार्च महिनामा नै भएकोथियो र राजस्थान प्रान्तीय समागम चितौडगढमा पनि मार्चमै भएकोथियो र उत्तर प्रदेशको प्रान्तीय समागमको तिथिमितिको प्रतिक्षा नै रहन्थ्यो, त्यसपछि यस्तो विचार आयो कि एउटै शहरको एउटै स्थानमा दुई-दुई दिनको समागम हुदै आइरहेको छ भने यस पटक बेग्ला-बेग्लै शहरहरुमा यस्तो रुप किन नबनाउने भन्ने विचार भयो । त्यस किसिमले भन्ने हो भने आज उत्तर प्रदेशको सन्त समागमको दोश्रो दिन पनि धेरै आनन्द महसुस भइरहेको छ किनभने हिजो पहिलो दिन वाराणसी र आज दोश्रो दिन ईलाहाबादमा हजुरहरु सबै एउटा भाव लिएर उपस्थित् हुनुभएको छ त्यो भाव भनेको सारा संसारको भलाइको भाव हो, किनभने हजुरहरु संसारका सबै मानिसहरुको, भलो होस् भन्ने चाहनुहुन्छ। पहिले पनि प्रार्थना गरियो-

सब का भला करो भगवान ।
सब का सब विधि हो कल्याण ।

अर्थात् सम्पूर्ण संसारको भलाईको कामना गरिदै छ र भलो भइरहेको पनि छ तर भलाईको एउटा अर्को पक्ष अगाडि ल्याइरहेकाछन्, हरेक मानवको हरेक आत्माको कल्याण हुनुपर्दछ । त्यसमा धेरै ठुलो भलाइ लुकेको छ, हरेक आत्माले आफ्नो मूलको जानकारी गर्नुपर्दछ, यसको बोध हासिल गर्नुपर्दछ, त्यसपछि मात्र भ्रमहरु मेटिनेछन् र यो आत्माले बन्धनबाट मुक्ति पाउने छ । जन्म-मृत्युको बन्धनमा परेको आत्मा चौरासी लाख योनिहरुमा भ्रमण गर्दछ, विभिन्न प्रकारका शरीरहरु धारण गर्दछ र यो आत्माको यो प्रकृया चलिरहन्छ आत्माले सत्यको बोध हासिल नगरेसम्म बन्धनहरुबाट मुक्त हुन सक्दैन, यो मुक्त हुदैन ।

त्यसैले महापुरुषहरु आत्माले आफ्नो मूललाई जानेर आफ्नो कल्याण गर्ने सन्देश तथा पैगाम दिन्छन् । महापुरुषहरु सन्देश दिदै गइरहेकाछन्, निस्तो दिदै गइरहेकाछन्, जस्तै पहिले पनि दिइँदैथियो, किनभने हरेक युगमा मानिसहरु जन्मन्छन् र यो मानिस जन्मको यात्रा तय गर्दछन् त्यसैले सबैको लागि यसको महत्त्व हुन्छ । अहिले पनि जो बाँचीरहेकाछन् यो उनीहरुको लागि वर्तमान हो, सती युग त्यसबेलाका मान्छेहरुको लागि वर्तमान थियो, त्रेतामा जो जन्मेकाथिए उनीहरुको लागि त्यो युग वर्तमान थियो, द्वापरमा जो जन्मे उनीहरुको लागि द्वापर वर्तमान थियो यस प्रकारले जो आज कलि युगमा जो बाँचीरहेकाछन् उनीहरुको लागि यो वर्तमान हो र वर्तमानमा नै सुधर्नु पर्दछ । अतितबाट हामीले केवल शिक्षा लिनुपर्नेहुन्छ र सुधर्नु चाहिं वर्तमानमा पर्दछ, खाना र हावा हामी वर्तमानमा नै खान्छौं, सूर्यको किरण पनि हामी वर्तमान कै लिन्छौं र हाम्रो लागि त्यहि उपयोगि हुन्छ । यसरी नै वर्तमानमा जिउनेहरु अर्थात् बाँची रहेकाहरुले मात्र आफ्नो आत्माको कल्याण गर्न सक्ने सम्भावना हुन्छ। उनीहरुले आफ्नो आत्माको उद्धार गर्न सक्छन् । हुन त आत्मा परमात्माको अंश हो तर एउटा अज्ञानताको अन्धकार छाएको छ र अज्ञानताको त्यो अँध्यारोको कारणले भ्रमहरु बनेकाछन् र यो बन्धनमा परेको छ । महापुरुष-सन्तजनहरु मानिसहरुलाई, ए मानिसहरु तिम्रो सबभन्दा महत्त्वपूर्ण तथा सबभन्दा जरुरी काम अझै अधूरै छ त्यो पूरा गर भनेर घच्घच्याउँछन् र ब्यूँझाउँछन् । अब तिमीले आफ्नो यो काम गर्नुपर्छ, यो अझै बाँकी छ। जस्तै सूफी सन्तहरुका ती वचनहरु सुन्छौ जुन पंजाबी भाषामा बुल्ले शाह जी, फरीद जी आदि भन्दछन्–

अजे एड्डा तेरा कम्म कुडे ।
कि कर लेना उस दम्म कुडे ।
जद घर आए मेहमान कुडे ।

कुडेको अर्थ हो आत्मा, अनि त्यो आत्मालाई भनिदैछ, ए आत्मा अझै धेरै काम बाँकी छ । तिमी आफ्ना सबै कामहरु भइसके भन्ने मानीरहेका छौ । प्रायः हामी सबै शारीरिक यात्रा तय गरीरहन्छौ, कदम-कदममा हामीहरुलाई केहि उपलब्धिहरु हासिल भइरहन्छन्, केहि प्राप्तिहरु भइरहन्छन् । केहि जिम्मेवारीहरु निभाइन्छन् । कैयौ



सफलाका शिखरहरु चुमिन्छन् । कतै धन-सम्पतिको रुपमा प्राप्ति हुन्छन् भने कतै विद्या हासिल गरेर सफलताको शिखरमा पुग्दछौं । कतै हामी खेलको क्षेत्रमा कामयावी हासिल गर्दछौं । कतै हामीलाई शासन सत्ता तथा ताकत प्राप्त हुन्छ अनि हामी यसरी हरेक पक्षहरुलाई हेरेर हामीले काम गरी सक्यौं भन्ने मान्दछौं, संसारको सबभन्दा जरुरी काम गरी सक्यौं भन्ने मान्दछौं । बच्चाहरुलाई पढाइदिएं-लेखाइदिएं, उनीहरुको बिहे गरीदिएं तथा मैले आफ्ना सबै कार्यहरु पूरा गरीसकेको छु । हाम्रा सबै कामहरु भइसके भन्ने ठान्दछौं । छोरा-छोरीहरुको लागि राम्रो बैङ्क ब्याल्यान्स बनाइदिएको र मेरा सबै कामहरु पूर्ण भइसके भन्ने मान्दछौं । हाम्रा जरुरी कामहरु भइसके भन्ने कुरा हामी महसुस गरीरहन्छौं । तर यहां यो भनिदैछ –

अजे एड्डा तेरा कम्म कुडे ।

अर्थात् सबै जरुरी कामहरु गरी सकेर पनि अझै सबैभन्दा जरुरी काम बाँकी छ । ए आत्मा ! यो शरीरसँग बाँकी जति पनि कामहरु जोडिएकाछन्, सांसारिक कुराहरुसँग जोडिएकाछन् ती सबै कुराहरु केवल यहिंसम्म सीमित छन् । यी सबै कुराहरुको एउटा निश्चित अवधि छ वा उमेर छ, यिनीहरुको म्याद छ तर आत्मा कुनै सीमित अवधि तथा केहि वर्षको लागि मात्र होइन, त्यसैले जुन जरुरी तथा अनिवार्य कार्य छ त्यो पूरा गर अर्थात् जसलाई पाहुना भनिदैछ, जसलाई मृत्युका दूतहरु आइसके भन्नेगर्छौं, त्यसबेला तिमी के गर्छौ ? त्यसबेला त केहि पनि हुन सक्दैन, अहिल्यै जागरुक हुनुपर्दछ, तिमीले अहिल्यै नै कदम उठाउनु पर्दछ, अहिल्यै नै यो बेहोशीको निद्राबाट उठ्नु पर्दछ । अहिल्यै ब्रम्हज्ञानीहरुको संगत गरेर यो मर्मलाई जान्नु पर्दछ र यो लक्ष्य प्राप्त गर्नुपर्दछ अनि यो सर्वव्यापि ईश्वरलाई जान्नु पर्दछ ।

अस्ति मात्र केहि दिन पहिले हामीले राम नवमी मनायौं । रामका चार रुपहरुको अहिले सत्संगमा वर्णन गरियो, राजा दशरथका छोराको रुपमा या 'सगल पसारा जग से न्यारा' भनियो, यस प्रकारले मर्यादा पुरुषोत्तम राम पनि यसै कुरामा जोड् दिईरहेकाछन्, अर्थात् हजारौं वर्षहरु बीति सक्दा पनि आज हामी भगवानको रुपमा उनको पूजा गरीरहेकाछौं । उनी भगवान हुन् र त्यसका साथै मर्यादाहरुको पनि पालन गरीरहेकाछन् । अन्य मर्यादाहरुको पालन गर्नुका साथै, एउटा अर्को सबभन्दा महत्त्वपूर्ण मर्यादाको पालन गरीरहेकाछन् । संसारलाई मार्गदर्शन प्रदान गर्नको लागि, संसारलाई सम्झाउनको लागि एउटा अर्को त्यो मर्यादाको पालन गरीरहेकाछन् अर्थात् स्वयं भगवान भएर पनि गुरु वशिष्ठ जीको चरणमा समर्पित भइरहेकाछन् । अनि त्यहाँ पनि दास यहि कुरा गरीरहेकोथियो त्यो के हो भने अहिले पहिचान गर्नु तथा जान्नु अत्यन्त जरुरी छ, जब भगवान राम वशिष्ठ जीको ढोका ढकढक्याउछन् त्यसबेला वशिष्ठ जी भित्रबाट को हो भनेर सोध्छन्, अनि राम जी बाहिरबाट त्यहि त जान्नलाई आएको छु कि म को हुं ? अर्थात् त्यहि जान्न अति आवश्यक छ कि म को हुं ? मेरो वास्तविक अस्तित्व के हो ? मेरो वास्तविक पहिचान के हो ? त्यसैको लागि यो आत्मा परमात्माको अंश हो, यसले आफ्नो मूलको पहिचान गर्नुपर्दछ, त्यसैले भनिन्छ कि Self realization through God realization (ईश्वरी अनुभूतिद्वारा आत्मानुभूति) । हाम्रो एउटा true self (आत्म सत्य) छ । this physical form is not our our true self (हाम्रो यो भौतिक स्वरुप हाम्रो आत्म सत्य होइन) यी हाम्रा शारीरिक आकृतिहरु, यी भाषाहरु, यी वेशभूषाहरु यी केहिपनि हाम्रा वास्तविक पहिचान होइनन् र यी सबै कुराहरुलाई हामी वास्तविक पहिचान सम्झी रहन्छौं र त्यस कारणले ठुला ठुला समस्या उत्तपन्न हुन्छन् । आज संसारमा यसै कारणले विभिन्न किसिमका झैगडाहरु भइरहेकाछन्, किनभने हामीले यी पहिचानहरुलाई त्यति महत्त्व, त्यति विशेषता दिएकाछौं र यसैलाई हामीले आफ्नो true entity (सत्य अस्तित्व) मानीरहेका छौं । हाम्रो वास्तविक अस्तित्व त untouched (अछुतो) नै रह्यो । त्यहाँ पनि हाम्रो ignorance (अज्ञानता) बनि रह्यो त्यसै कारणले हामी बीच दूरी बनिरह्यो । हामीले ती सबै पहिचानहरुलाई आफ्नो वास्तविक पहिचान बनायौं र हामी लडी रह्यौं, झगडा गरी रह्यौं । हाम्रा भाषाहरुले हामीलाई लडाए, हाम्रा वेशभूषाहरुले हामीलाई लडाए, हाम्रा धर्म-सम्प्रदायहरुले हामीलाई लडाए । हाम्रो जात हाम्रो पहिचान बन्यो अनि त्यसैले हामीलाई लडाइदियो, हाम्रा प्रान्तहरुले हामीलाई लडाइदिए र यसरी यी सबै

पहिचानहरु बबाल तथा समस्याका कारणहरु बने, तर हामीले आफ्नो मूललाई जानिसकें पछि हाम्रो वास्तविक स्वरुपलाई जान्यौं । मूललाई जानिसके पछि यो परमात्मा हो भन्ने कुरा थाह पायौं । यहि सर्वव्यापि राम हो, यहि अल्लाह हो, यहि खुदा हो, यहि न्यम (गड) हो ।

जस्तै हिजो नै गुड फ्राईडे मनाइयो । जुन दिन हजरत ईसा मसीह जीलाई सूलीमा चढाइएका थियो । संसारमा डिसेम्बर महिनामा क्रिसमस मनाइन्छ भने यो गुड फ्राईडे पनि मनाइन्छ, जब उहाँलाई यातना दिइयो, सूली माथि चढाइयो, उहाँको हात खुट्टामा कीला ठोकिए, काँडाको ताज लगाइयो । उनै ईसा मसीह जीले ठाउँ-ठाउँमा गएर यहि भन्नुभएकोथियो– 'know God ye worship' (ईश्वरलाई जान त्यसपछि उसको पूजा गर) आफ्नो मूललाई जान ।

दास जुन कुरा गरीरहेको थियो, यो आत्मा आफनो मूल परमात्मालाई चिनोस् । ईसा मसीह जीले पनि देखे धेरै धर्म स्थानहरु छन्, धर्म स्थानहरुमा पूजा-पाठ भइरहेको छ । धेरै मानिसहरु सहभागि हुन्छन्, त्यो सबै उनका आँखाहरुले देखीरहेकाथिए, तर उहाँलाई थाह थियो कि यो कति अधुरो छ । यो सबैयोक गरिदैछ, ईश्वरको नाम पनि लिईदै छ । यसको चर्चा पनि भइरहेको छ, विभिन्न प्रकारका पद्धतिहरु र विधिहरु पनि अपनाईदै छन् तर यसबाट उनीहरुको आत्माको कल्याण हुन सक्दैन । त्यसैले उहाँले भन्नुभयो– 'know God ye worship' (ईश्वरलाई जान त्यसपछि उसको पूजा गर) अर्थात् जुन रुपमा पूजा भइरहेको थियो That was not enough to give salvation (त्यो मोक्ष प्राप्त गर्नको लागि पर्याप्त थिएन ।) त्यो कुरा उहाँ धेरै राम्ररी जान्नुहुन्थ्यो त्यसैले उहाँले भन्नुभयो, ए मानिसहरु तिमी जसको पूजा-पाठ गरीरहेका छौ र जसको नाम लिईरहेकाछौ, विभिन्न प्रकारका क्रियाहरु गरीरहेकाछौ तर त्यसलाई तिमी जान्दैनौ अर्थात् चिन्दैनौ । तिम्रो आत्माले यसको मूललाई चिन्दैन, त्यसैले तिम्रो कामकुरो बन्नेवाला छैन । यसरी नै विभिन्न गुरु-पीर-पैगम्बरहरुले तथा सन्त-महापुरुषहरुले यहि एउटा सन्देश दिएकाछन् कि यो सत्यलाई जान । यो परमात्मा ईश्वरलाई सत्य त्यसैले भनिन्छ किनभने यो शाश्वत छ, किनभने यो कालको अधिनमा छैन । यो स्थानसंग बदलिदैन, यो मौसम सरह बदलिदैन । यो अजर, अमर थियो, छ र रहने छ । संसार बनेको छ, मेटिने छ र मेटिन्छ पनि ।

बाल्यावस्था जवानीमा र जवानी बुढापामा परिवर्तन हुन्छ । गर्मी जाडोमा र जाडो गर्मीमा परिवर्तन हुन्छ । लामो समयसम्म खडेरी परी रहदैन, पानी पर्दछ अनि यदि लामो समयसम्म पानी परेन भने अनिकाल पर्दछ । अहिले पनि अनुमान लगाईदै छ कि El Nino Factor (एल निनो फ्याक्टर) एउटा वैज्ञानिक कारण जसका कारणले पानी पर्दैन । पनि हुन्छ, त्यस प्रकारको फ्याक्टर प्रभावी भएपछि देशको मौसममा बदलाव आउँछ, जस्तै हामी हिजो आज देखीरहेकाछौं मौसममा कस्तो-कस्तो परिवर्तन आइरहेको छ । जाडो याममा यहाँहरुले देख्नुभयो, अमेरिका, क्यानडामा अधिक मात्रामा हिमपात भयो अर्थात् हिउँ पऱ्यो भने यूरोपका ठाउँहरुमा जहाँ हिउँ पर्थ्यो त्यहाँ पर्दै परेन । यसरी नै यूरोप र बेलायतमा यसपाली बाढी आउने स्थिति आइरहेको थियो । भारतमा पनि हामी मौसममा बदलाव आएको देख्छौं । अनि दासले जुन कुरा गरीरहेकोथियो, परमात्मालाई त्यसैले भनिन्छ–

आदि सचु जुगादि सचु है भी सचु नानक होसी भी सचु।

अर्थात् परमात्मा नै सत्य छ किनभने यो कहिल्यै परिवर्तन हुदैन । त्यसैले ए आत्मा ! तिमी सत्यलाई चिन र जब तिमीले यो सत्यलाई चिन्ने छौ, तब एउटा थोपाले सागरलाई चिने झै हुनेछ । यदि थोपाले सागरलाई चिनिसके पछि तिमीले यो आफ्नो वास्तविक रुप हो भन्ने कुरा थाह पाउने छौ । तिम्रो वास्तविक रुप यहि हो किनभने यो तिम्रो मूल रुप हो, यो न त सिन्धी हो, न त गुजराती हो, न त पंजाबी हो, न त पूर्वेली हो, न त उत्तर तिरको हो, न त अमेरिकाली हो, न त क्यानेडियाली हो । न ब्राम्हण हो, न त वैश्य हो, न त क्षेत्रि हो, न त भारतीय हो, न त पाकिस्तानी हो, न त अरबेली हो । हामी जसको अंश हौ यदि त्यसको बोध भयोभने, के हामी भाषाहरु, जात जातिहरु र अरु विभिन्न कुराहरुको आधारमा अल्झी रहनेछौं ? के हामी टकराउने छौं ? के हामी अरुलाई कीरा फट्याङ्ग्रा सम्झेर उनीहरु माथि अन्याय र अत्यचार गरौला ? के हामी अरुलाई यातना दिएर उनीहरुलाई रक्ताम्य बनाउन सक्छौं ? के अरुको अधिकार खोस्न सक्छौं ? के अरुलाई जिउँदो जलाउन सक्छौं ? निर्दोषहरुलाई गोलीले भूट्न सकौला ? त्यसपछि हामी यो गर्नै सक्दैनौं, गर्दैनौ । त्यसैले संसारलाई स्वर्ग बनाउनको लागि यो अवस्थामा आउन अत्यन्त जरुरी छ, यसबाट टाढा भएर कहिल्यै सम्भव हुन सक्दैन, निसन्देह एकताका जतिसुकै नारा लगाइ रहौं त्यसले केहि फरक पर्न सक्दैन । अहिले सम्म नाराहरु धेरै लागेका छैनन् । धेरै पटक दासले

पनि जिकिर गरेको छ, सन् १९६२ मा चीनका शीर्ष नेताहरु भारतमा आएकाथिए । भारतमा आएर तत्कालिन भारतीय प्रधान मन्त्री जवाहर लाल नेहरु ज्यूलाई भेटे, केहि treaties (सन्धीहरु) पनि भए । भारत भरी नाराहरु गुञ्जीरहेका थिए- 'हिन्दी चिनी भाइ-भाइ, हिन्दी चिनी भाइ-भाइ ।' नारा नारा त धेरै लगाइए तर थोरै समय पछि चीनले भारत माथि आक्रमण गऱ्यो, अनि कहाँ गए ती नाराहरु । आज पनि हामी त्यहि सोची रहेका छौं कि नारा लगाए पछि कामकुरो बन्नसक्छ । नाराले मात्र केहि हुन सक्दैन, बोलेर मात्र केहि हुन सक्दैन, वास्तवमा यो जुन जागृति, अनुभूति चेतना छ, त्यो आउनु अत्यन्त जरुरी छ, त्यसपछि मात्र वास्तवमा कामकुरो बन्दछ । ठीक यसरी नै केवल पढेर तथा पढाएर पनि केहि हुदैन ।

आज काशी नगरीमा थियौ र आज दिउँसो सम्म त्यतै थियौं, जुन ठाउँमा कबीर जीले भनेका थिए–

बैठा पंडित पढे पुराण, बिन देखे का करे बखान ।
तू कहे कागज की लेखी, मै कहुं आंखन की देखी ।

आज कबीर जी का यी वचनहरु शयौं पटक पढ्ने गर्छौं तर त्यसमा ध्यान दिदैनौं, उनी आंखाले देखेको कुरा गरीरहेकाछन् –

तू कहे कागज की लेखी, मै कहुं आंखन की देखी ।

दुवै कुराहरुमा अन्तर बताइरहेकाछन् जो लेखिएको छ, त्यो त म पढीरहेको थिएँ, म पनि उनीहरुमा गणना हुन्थें तर अब यो क्रान्ति आइसकेको छ, अब त्यो लेखाई भन्दा माथि उठी सकेको छ, अब लेखाइका साथै देखाई पनि बनेको छ । अब मैले त्यो दृष्टि पनि पाइ सकेको छु । अब यो धेरै ठुलो अन्तर आइसकेको छ, यति ठुला अन्तर कि एकातिर मुक्ति छ भने अर्कोतिर ती बन्धनहरुछन् ।

अहिले केहिबेर पहिले हजुरहरु सबैले राम चरित मानसका कथनहरु, सुन्नु तथा पढ्नु भएको छ, मूल्य हाल्यौं ? के हामीले लक्ष्य प्राप्त गरी सक्यौं ? के महापुरुषहरुको कथन अनुसार हाम्रो अवस्था र दृष्टि बनेको छ ? हाम्रा व्यवहारहरु त्यस्ताछन् या अझै त्यहि समस्याहरु छन्, त्यहि दुरी बनेको छ र हामी त्यसैमा अल्झिएका छौं । अझै त्यहि बोझ बोक्दै गइरहेका छौं । त्यहि अन्धकारमा ठोकर खाँदै गइरहेका छौं । हामीले प्रगति गरीसकेका छौं, धेरै कुराहरुको आविस्कार पनि गरीसकेका छौं तर हाम्रो पछौटेपन पूर्ण रुपले प्रमाणित भइरहेको छ ।

जस्तै दासले आत्माको कल्याणको कुरा गरीरहेको थियो भने अर्को तिर हामी यो लोकको यात्रा पनि तय गरीरहेका छौं । हाम्रो जुन मानसिकता छ, जस्तो हाम्रो सोच छ, हाम्रा जुन भावहरु छन् त्यसले हाम्रो पछौटेपनलाई प्रमाणित गर्दछन् । प्रगति त पक्कै पनि भएको छ, हामी stone age (पाषाण युग) को जस्ता रहेनौ । हामी आधुनिक युगमा आइसकेका छौं, कतिपय किसिमका साधनहरु हाम्रो हातमा आइसकेकाछन्, जस्तै हामी धेरै अगाडि बढीसकेका छौं । चन्द्रमा माथि पाइला राखीसक्यौं र Mars (मंगल ग्रह) माथि पनि पाइला राख्ने तयारी भइरहेको छ भने त्यस किसिमले प्रगति त पक्कै पनि भएको छ, तर हाम्रो जुन पछौटेपन, पिछडिएको अवस्था छ, मानवता गिरेको छ, स्वार्थ प्रबल, संकीर्णता प्रबल, लोभ-लालचहरु चरम सीमासम्म पुगीसकेकाछन्, यी सबै कुराहरुले हाम्रो पछौटेपन प्रमाणित हुन्छ र त्यसै अन्तर्गत संसारको यात्रामा हामी दानवताको बाटोमा हिड्छौं । आत्मा अज्ञानताको अन्धकार तथा भ्रममा रहेको छ र त्यसै कारणले नै यो मनमा अन्धकार भरिएको छ । मनमा पनि भ्रमहरुछन् र यो मनको जसबाट कल्याण हुने हो, यो मनलाई त्यसको अनुभूति नै छैन, यसलाई त्यसको आभाष नै छैन्, त्यसतिर यो जागरुक नै भएको छैन् ।

यस प्रकारले यहाँ जोर दिइन्छ र हामी पनि अवश्य सोचौं, विचार गरौं, हाम्रो उमेर बित्दै गइरहेका छ, समय हातबाट निस्कदै गइरहेको छ । अब विचार गरौं के हामीले त्यसको

यहि कारणले मानवको मानवीय चाल रहदैन, उसको दानवीय चाल बन्दछ । आज हामी यसको दानवताको नाङ्गो नृत्य

देखीरहेका छौं, कुन प्रकारले मान्छे गिरावट तिर गइरहेको छ, कुन प्रकारले थोरै पैसाको लागि एउटा भाइ अर्कोभाइको ज्यान लिन तयार छ, छोरा बाउको ज्यान लिन तयार छ, आमा-छोरीको सम्बन्धमा पनि तीतोपन आइसकेको छ, यसरी हामी देख्छौं कुन तरहले यी प्रलोभनहरुले मान्छेहरुको पतन गराउँदै गइरहेको छ । यसरी नै यस्ता विभिन्न पक्षहरुछन् जसका कारणले मानव मानवीय चाल चलिरहेको छैन। मानव दानवताको बाटोमा हिड्न थाल्दछ। जस्तै दासले पहिले भन्यो जात-जातिको आधारमा बैर, विरोध, ईर्ष्या छ। कति क्रुरता छ त्यो हामी देखीरहेका छौं र धर्म जसले हामीलाई जोड्नु पर्ने हो, जसले हामीलाई प्रेम सिकाउनु पर्ने थियो, एक-अर्काको काम आउने भावना जन्माउनु पर्ने थियो, आज त्यहि धर्म नै हामीहरुको बीचमा खाल्डो बनाइरहेको छ, पर्खालहरु उभ्याइ रहेको छ, हाम्रो मनमा घृणाको बीजारोपण गरीरहेको छ। यो धर्मले त हामीलाई मानवबाट देवता बनाउनु पर्नेथियो तर ठुलो दुःखको कुरा हो यसै धर्मले हामीलाई दानवको बाटोमा हिडाइदिएको छ । हामीलाई निर्दयी बनाइदिएको छ, हामीलाई भनीरहेको छ अलिकति पनि न हिच्किचाएर त्यो अर्को धर्म मान्ने मान्छे हो, त्यसलाई बम लिएर उडाइ देऊ, परिवार सहित उसको घरमा आगो लगाइदेऊ त्यसैमा सबै जलेर मरुन ! अनि प्रश्न उठ्छ, के यो धर्म हो ?

के गुरु-पीर-पैगम्बरहरुद्वारा यहि धर्म स्थापित गरिएकोथियो, जसले हामीलाई दानव बनाएदिएको छ ? यदि धर्म नै हामीलाई दानव बनाइरहेको छ, क्रुर र निर्दयी बनाइरहेको छ भने यसले यो सत्य तथा वास्तविक धर्म होइन भन्ने कुरा प्रामाणित भइरहेको छ। धर्म त्यहि हो जो हामी राम चरित मानसमा पढछौं–

दया धर्म का मूल है, पाप मूल अभिमान।
तुलसी दया न छोडिये, जब लग घट मे प्राण।

यसरी यदि हामी जीवनको यात्रा तय गरीरहेका छौं भने हामी सोचौं यो तन त हामीले मानवको पाइएको छ, तर हामी भित्र मानवता नै रहेन भने, बाँकी के रहन्छ ? केवल Shell (खोल) बाँकी मात्र रहने छ। हामी भित्रबाट यदि मानवता झिकी दिएपछि केवल एउटा पुतला बाँकी रहन्छ। यदि कसैको स्वाँस लियौ भने, ज्यान नै लगीदियौं भने केवल लाश बाँकी रहन्छ। ज्यान नै निकालियो, स्वाँस नै खोसेर लागियो अनि केवल खोल नै बाँकी रहन्छ। मानवताले नै मानव भएको पहिचान गराउँछ, त्यसैले पटक-पटक भनिन्छ मानवता नै सच्चा तथा वास्तविक धर्म हो।

यदि मानवहरुमा मानवता आयो भने उनीहरु सच्चा धर्मी हुन्छन् । मानवतामा दया तथा करुणाको भाव हुन्छ, मेलमिलापको भाव हुन्छ, एक-अर्काको काम आउने भाव हुन्छ। सबै मानवीय गुणहरुले युक्त भएर यो जीवनको यात्रा तय गरुन्, यहि अरदास, यहि प्रार्थना, यहि शुभ कामना गरिन्छ । दातार कृपा गरोस् सबैलाई सुमति प्रदान गरोस्, सबैलाई जागरुकता प्रदान गरोस् र सबै यो अवस्थामा आऊन, जुन अवस्थामा आएर लोक तथा परलोक दुबै राम्रा हुन सकोस र जसबाट हाम्रो उद्धार हुनेछ। आत्मा र हाम्रो जीवनमा निखार आउँछ र वातावरणलाई सुन्दर रुप प्रदान गर्नको लागि योगदान दिन्छौं। सन्त महात्माहरुका वाणीहरु हामीलाई प्रेरित गर्दै आइरहेकाछन्, यसैतिर हाम्रो ध्यानाकर्षण गर्दै आइरहेकाछन् किनभने हामी वास्तवमा यी हानी पुऱ्याउने पक्षहरुबाट आफुलाई बचाउँदै जाऔं, यी कुराहरुबाट माथि उठ्दै जाऔं र जुन कल्याणको बाटो हो त्यहि बाटोमा आफ्ना कदमहरु बढ्ाऔं, हामी सबै किसिमका स्वार्थहरुबाट माथि उठौं, जसबाट हाम्रा सम्बन्धहरुमा पनि मधुरता आओस् र वातावरण पनि सुन्दर बनोस् । हुन त मानिसहरु बाध्यतामा जीवन बिताइरहेकाछन्, जस्तै दासले पहिले पनि भन्यो, एक लोग्नेले आफ्नी स्वास्नीलाई म दुबै जाँदैछु भनेछ, त्यो सुनेर स्वास्नीले भनिछे, त्यहाँ गएपछि त्यहाँबाट गहनाहरु लिएर आउनुहोला। त्यो सुनेर लोग्नेले भनेछ, होइन, म लण्डन जाँदैछु, स्वास्नीले भनि त्यसोभए त्यहाँबाट लुगा लिएर आउनुहोला, 'त्यसपछि लोग्नेले भनेछ,' 'म पेरिस जाँदैछु', त्यसोभए त्यहाँबाट perfumes (सुगन्ध) लिएर आउनुहोला, त्यसपछि लोग्नेले भन्यो, 'म नर्कमा जाँदैछु' त्यसपछि स्वास्नीले भनिछे, 'ईश्वरको कृपाले मसंग सबैथोक छ, त्यहाँ गएर आफ्नो राम्रो ध्यान राख्नुहोला ।' यस प्रकारले आवश्यकताहरुसंग सबै रिस्ता-नाताहरु जोडिएका छन्। भन्नुको तात्पर्य के हो भने महापुरुष- सन्तजन-भक्तजनहरु हामीलाई प्रेरित गर्दछन्, हामीलाई जागरुक बनाउँछन् किनभने यो बेहोशी निद्रामा सुत्नु

भारी पर्नेछ, यस्तै नादानी बनिरह्यो भने हामी आफ्नै नोक्सान गर्नेछौं र अरुको पनि नोक्सान गर्नेछौं।

साध संगत सबै यहाँ मिलेर यहि सन्देश दिइरहेकाथिए, हामी यो जीवनको यात्रा मेलमिलापका साथ तय गरौं, प्रेमका साथ तय गरौं, अनेकतामा एकताको स्थापना गरौं, एकताको सूत्रमा बाँधिऔं र यस प्रकारले हाम्रो जुन मानवीय मल्य छ त्यसलाई बलियो पारौं। अहिले नै बस्दाबस्दै एउटा कुरा याद आयो, आजैको दिन १९ अप्रेलका दिन गत वर्ष दास गर्मीयाममा लस एजिल्समा गएको थियो, अनि त्यहाँ एउटा नयाँ सत्संग भवन लिइएकोथियो र त्यसै विशाल भवनमा आजका दिन Unity in Diversity (विविधतामा एकता) र Peaceful co-existence (शान्तिपूर्ण सह-अस्तित्व) लाई लिएर एउटा विशाल कार्यक्रमको आयोजना गरिएकाथियो र आजैको दिन १९ अप्रेलका दिन नै अस्ट्रेलियाको सिड्नीमा शहरमा पनि एउटा विशाल सत्संग भवन लिईयो अनि त्यहाँ पनि उहाँहरुले १९ र २० अप्रेलका दिनलाई Human Values (मानवीय मूल्य) को लागि Symposium (विचार गोष्ठी) राखेकाछन् र समागमको रुप बनेको छ। अर्थात् संसारको जुनसुकै भागमा पनि हाम्रो जीवनमा मानवीय मूल्यको स्थापना होओस् भन्ने कोशिशहरु भइरहेकाछन्। मानवीय मूल्य स्थापित भइसकेपछि हामी एकताको सूत्रमा बाँधिने छौं। यो जागृति आइसकेपछि, यो एकलाई जानीसके पछि हामी एकत्वको भावले युक्त हुन्छौं र हाम्रो जीवन स्वर्गमय बन्ने छ। हाम्रो यो धर्ती स्वर्ग बन्ने छ र पछि गएर हाम्रो यसैमा वास हुने छ, नत्र भने, मृत्यु भइसके पछि हामी भन्नेगछौं उनी स्वर्गवासी भए, तर जीवित अवस्थामा हामी स्वर्गवासी किन हुन चाहदैनौं ? जीवित छदै हामी स्वर्गको वातावरण स्थापित गरौं, जबसम्मको लागि यो मालिकले हामीमा स्वाँसहरु भरेको छ तबसम्म हाम्रो यसैमा बसोबास होस्।

दास यहाँ आएर हजुरहरु सबैको दर्शन गरेर प्राप्त भएको आफ्नो खुशी व्यक्त गर्दछ। हुन त गत वर्ष पनि विचार भएको थियो, समागमको सिलसिला बढ्दै गइरहेको छ र सन् १९८० देखि लगातार उत्तर प्रदेशका विभिन्न शहरहरु, गाउँहरु, नगरहरु आदि ठाउँहरुमा जाने मौका पाईएको छ। गत केहि वर्ष यता केवल प्रान्तीय समागम मात्र उत्तर प्रदेशमा भइरहेको छ र अन्य ठाउँहरुमा जाने मौकाहरु कम हुदै गइरहेकाछन्, त्यसैले यस्तो विचार आयो कि धेरै ठाउँहरुमा जान सकियोस्। त्यसैले यस पटकको यात्रामा पनि यहि विचार रहेकोथियो जहिले पनि उत्तर प्रदेशको यात्रा भएपछि धेरै दिन यहाँ बिताउन पाइयोस्, तर केहि कारण यस्तो बन्यो, देशमा र यी प्रान्तहरुमा चुनावको वातावरण बनेको छ त्यसैले यहाँ धेरै दिन बिताउन सकिएन। आगामि २४ अप्रेलका दिन दिल्लीमा मानव एकता दिवस समागम छ, हजुरहरु सबैलाई थाह छ, यसै दिन बाबा गुरबचन सिंह जी को मानवताको लागि महान बलिदान भएकोथियो त्यसैले थोरै समय पाइयो र यी चार ठाउँहरु उत्तर प्रदेशको लागि चुनिए र त्यस मध्ये यो ईलाहाबाद दोश्रो स्थान हो र यहाँ हजुरहरुसंग यो विशाल रुपमा यो समय बिताउन पाइरहेको छ। अन्तमा दास यहि प्रार्थना गर्दछ कि दातारले कृपा गरोस् र हजुरहरु सबैलाई जागरुकता प्रदान गरोस, परोपकार गर्ने शक्ति प्रदान गरोस्, सबै यो नामको रङ्गमा, भक्तिको रङ्गमा रङ्गीरहुन् र संसारमा जो पनि मानिसहरु अज्ञानतामा छन्, उनीहरु पनि सत्यको जानकारी गर्न सकुन्, आफ्नो वास्तविक अस्तित्वलाई चिनेर सुन्दर मानवीय गुणहरुले युक्त भएर यो जीवनको यात्रा तय गर्दै जाऊन।

साध संगत जी।

धन निरंकार जी।

नेपाली अनुवाद: अमर ताम्राकार

अध्यात्म-विज्ञानबाट चरित्र निर्माण

डा.(प्रो.) बलराम भगत, विभागध्यक्ष,
जीब विज्ञान, दर्शन साह क्याम्पस,
कटिहार (बिहार)

अध्यात्म धर्मको विकसित रुप हो, जसमा सत्य सिद्धान्त छ तर कर्मकाण्डको जटिलताको लोप हो । यसको शाब्दिक अर्थ हुन्छ आत्मतत्वको अध्ययन वा ज्ञान, जसलाई आत्मानुभूति भनिन्छ । निरंकारी बाबा जी को अनुसार आत्मानुभूति ब्रम्हानुभूतिको माध्यमबाट मात्र सम्भव छ । ब्रम्हानुभूतिलाई कुनै ब्रम्हावेत्ताको चरणमा श्रद्धापूर्वक जिज्ञासाको माध्यमद्वारा नै प्राप्त गर्न सकिन्छ । ब्रम्हानुभूतिबाट मानवज सच्चा अर्थमा मानव बनेर जिउने कला सिख्न सक्दछ । एक सच्चा आध्यात्मिकले मानव धार्मिक पनि हुने गर्दछ तर मात्र धार्मिक मानव आध्यात्मिक नहुन पनि सक्छ । यो विश्व-ब्रम्हाण्ड चेतना र पदार्थबाट मिलेर बनेको छ । चेतना सम्बन्धि तत्वज्ञान एवं उत्कर्षको विधि व्यवस्थालाई अध्यात्म भनिन्छ ।

आधुनिक विज्ञानले समाजलाई अद्भुत एवं अभूतपूर्व उपलब्धिहरु प्रदान गरेकोछ । आजबाट एक दशक पूर्वसम्म हामी वर्तमान समाजको विकसित रुपको अन्दाज पनि लगाउन सक्दैनौ । यसमा कुनै सन्देह छैन कि मानव समाजमा एक नौलो युगको आगमन भइसकेको छ । विज्ञानले समाजको सामान्य व्यक्तिहरुलाई पनि त्यस्तै सुख-सुविधा प्रदान गरेकोछ, जुन पहिले मात्र समाजका प्रतिष्ठि एवं संभ्रान्त वर्गको लागि उपब्ध थियो । असाध्य रोगीहरुको अचूक औषधि बनि सकेकोछ । विज्ञानले दूरीमाथि विजय हासिल गरिसकेकोछ तर के यही हाम्रो सर्वांगीण विकास हो ?

आधुनिक प्रविधिले साधन एवं सुविधाहरुको अम्बार लगाई दिएकोछ । प्यासिलिन, सेटेलाईट, भ्याक्सीनेशन, इलेक्ट्रोनिक उपकरण, परमाणु बम एवं स्टेम सेल थेरेपी आदि नविनतम आविष्कारहरुले सम्पूर्ण विश्वमा तहलका मचाएकोछ, जसको कारण पुराना सिद्धान्तहरुमा पनि प्रश्न चिन्ह खडा भैरहेकोछ । वैज्ञानिकलाई गोड पार्टिकलको परिकल्पनातिर महाप्रयोगद्वारा सफलता पनि प्राप्त भएकोछ । त्यो कण जसको कारण कणहरुमा भार छ र जसको कारण ब्रम्हाण्ड तथा सबै ग्रह-उपग्रह अस्तित्वमा आएकाछन् र सबै वस्तुलाई रुप, आकार तथा भार प्राप्त भएकोछ । नयाँ एटोमिक कण हिग्स-बोसोन खोजि सकेकोछ । वैज्ञानिकहरुको परिकल्पना रहेको छ कि

हिग्स-बोसोनमा नै भार छ जुन गुरुत्वाकर्षणसंग मिलेर वस्तुहरुलाई भार प्रदान गर्दछ।

समाजको विकासको श्रेय विज्ञानलाई दिइन्छ । विद्वानहरुको मान्यता रहेकोछ कि पाश्चात्य जगतको विकसित देशहरुको रुपमा प्रतिष्ठित हुनुको पछाडि आधुनिक विज्ञानको हात रहेकोछ । विकसित देशहरुमा आर्थिक समस्या छैन, तर त्यहाँको मानसिक समस्याहरुलाई देखेर हृदय फुट्न थाल्छ। यस्तो आधुनिक प्राविधि हुँदा पनि व्यक्ति क्यान्सर, एड्स, हृदयरोग आदिबाट मृत्यु भैरहेकोछ । सुविधाहरुलाई जुटाउनुको तात्पर्य यो नै हो कि हामीले सबै रुपमा आफ्नो विकास गरिसक्यौ । यस सन्दर्भमा अध्यात्म विज्ञान भन्छ कि भौतिक प्रकृतिको नियम र सम्भावनाहरुलाई जाने विना भौतिक प्रकृतिको नियम र यसको सम्भावनाहरुलाई जान्न सकिदैन । यही कारण छ कि विज्ञानको न त सत्यको शोध पूरा हुन सक्छ र न त उपलब्धिहरु आफ्नो उपादेयता जस्तै सिद्ध गर्न सक्छ।

विज्ञानले हाम्रो जीवनलाई सुख-सुविधा एवं विलासिताका वस्तुहरुले भरिदिएकोछ तर यो पनि सत्य छ कि आज आविष्कारकहरुलाई व्यवसाय बनाएर अत्यधिक लूट-पाटक गरिदैछ। विज्ञानले सुविधा प्रदान गरेर मानवको कर्मठता खोसेकोछ । इन्टरनेट, ई-बुक, ई-मेल आदिबाट संचारमा वृद्धि भएकोछ भने पढ्ने प्रवृत्तिमा पनि कमी भएकोछ। विज्ञानका अनेकौ वरदानहरुबाट यदि सर्वाधिक कुनै चीजको क्षति भएकोछ भने त्यो क्षति हो मानवीय संवेदनाको। विकास रुपी यस वरदानमा हामीलाई भौतिक समृद्धि त प्रदान गरेकोछ तर हामी आन्तरिक रुपबाट कंगाल भैसकेका छौं । मानवीय संवेदनाको सर्वथा विषेध गर्नु एवं प्रत्येक चीजको भौतिक मूल्यांकन गर्नुको प्रवृत्तिको कारण सत्यको खोजको लागि प्रवृत हुने विज्ञान आफ्नो लक्ष्यबाट भट्केकोछ । विज्ञानले तर्क प्रस्तुत गर्दछ, सत्यको शोध गर्दछ, यथार्थको दर्शन पनि गर्दछ तर पदार्थको जानकारीसम्म त्यसको गति सीमित छ। आफ्नो यस सीमित संसाधनहरुबाट उसले जीवनको शान्ति र सौन्दर्यलाई सम्झन सक्दैन।

जीवनमा भोग-विसालको साधन एकत्र गरेर मात्र सबै चिज हासिल गर्न सकिदैन। विज्ञानको प्रभाव क्षेत्र कति व्यापक र उपलब्धि मूलक चमात्कारी किन न होस, तर यो सबै चिज होइन, यसको अतिरिक्त पनि केही चाहिन्छ जसको अभावमा जिन्दगी पंगु हुनेछ र त्यो हो गहिरो मानवीय संवेदना । साधन सुविधाको साथ साथै कोमल भावना, प्यार, संतोष, नम्रता, सह-अस्तित्व र सहनशीलताको नितान्त आवश्यकता रहेकोछ जुन केवल अध्यात्मबाट मात्र प्राप्त गर्न सकिन्छ । अध्यात्मले मानवलाई कर्मयोगी बनाउने गर्दछ । यसबाट मानव वर्तमानमा बाँच्दछ । उसले अतितबाट शिक्षा लिने गर्दछ र त्यसलाई ईश्वरले जे पनि योग्यताहरु प्रदान गरेकोछ, त्यस अनुसार कर्म गर्दै जाने गर्दछ। प्रत्येक क्षण

ईश्वरको अनुभूति गर्दै यसलाई सबै चिज गर्ने गराउने वाला मानेर आफ्नो प्रत्येक कर्मको फल यसैमाथि छोड्ने गर्दछ। परिणाम जे पनि होस, उसले यसलाई पूर्ण समर्पण भावबाट स्वीकार गर्दछ। कुनै प्रकारको गुनासो गर्दैन। उसको कुनै नकारात्मक भावना हुँदैन र न त उसले कर्म गर्न छोड्छ। उसले यस ईश्वरमा पूर्ण विश्वास बनाएर राख्दछ।

अध्यात्म नै आजको समस्याको समाधान हो। केही आलोचकको अनुसार अध्यात्मको प्रतिपादन, प्रत्यक्षको कसौटीमा खरा उर्तदैनन्। अर्को समस्या यो भयो कि अनेकौ धर्म-सम्प्रदाय एवं दर्शनाहरुले यसलाई एक रुपबाट भनेका छैनन्। उनीहरुको परस्परिक विरोध-मतभेदले यो सन्देश उत्पन्न गर्दछ कि जब विज्ञानका सबै प्रतिपादन एउटै किसिमका छन् भने अध्यात्ममा यसप्रकारको अन्तर किन ? तथ्यहरुको प्रत्यक्षवादमा खरा नर्तर्नु र अनेकौ वर्गहरुद्वारा अनेकौ प्रकारका परस्पर विरोधी कुराहरु भन्नु यो दुई यस्तो प्रत्यक्ष कारण हुन जसको परिणामस्वरुप

अध्यात्मलाई विज्ञान जस्तो मान्यता प्राप्त भएन। अध्यात्मलाई विज्ञानको दर्शन सम्झनुको आवश्यकताको अनुभव भएन र विज्ञानले अध्यात्मको गहिराईसम्म पुग्ने प्रयत्न कहिलै गरेन। चेतना शक्ति मिथ्या हुन सक्दैन। जब जड् पदार्थहरुलाई उल्टा-पुल्टाले सामर्थ्यको भण्डार र सुविधाहरुको अम्बार खडा गर्न सकिन्छ भने चेतनाको अवलम्बन सर्वथा निरर्थक सिद्ध हुन सक्दैन। आत्माको सामर्थ्य यति तुच्छ छैन, जसलाई केहि अपरिपक्क वा उत्ताउलाहरुको हो-हल्लामा विस्मृत-तिरस्कृत गर्न सकियोस।

अध्यात्मको शाश्वत सिद्धान्तहरुलाई श्रद्धाको आधारमा पुरातन कालबाट प्रतिपादित गरिएको थियो। तबसम्म सम्पूर्ण व्यवस्था आफ्नो ढंगबाट क्रमबद्ध रुपमा चलिरहेको थियो। तर समयले कोल्टे फेर्दा बुद्धिवाद, प्रत्यक्षवाद र विज्ञानलाई विचारशील वर्गले मान्यता प्रदान गरयो। यस्तो दशामा यो आवश्यक थियो कि श्रद्धाको आधारलाई प्रत्यक्षको कसौटीमा पनि खरा सिद्ध गरियो। समयको माग थियो कि अध्यात्मलाई यदि जीवन्त र सम्मानित बनाउनुछ भने त्यसलाई प्रत्यक्षवादको अग्निपरीक्षाबाट जानु पर्नेछ, जसले उसको पवित्र अक्षुण्य हुन सकोस। यसको लागि सन्त निरंकारी मिशनले जुन युक्ति अपनाएको छ, त्यो सराहनीय र अनुकरणीय रहेकोछ। ब्रम्हादर्शन यसको विशेषता हो।

अध्यात्म र विज्ञान परस्पर विरोधी छैनन् कि पूरक छन्। अध्यात्मको अनुसार यो सृष्टि परमत्माद्वारा सञ्चालित भैरहेकोछ। विज्ञान पनि यो मान्छ कि कुनै न कुनै सुपर पावर/एनर्जी हो जुन सृष्टिको कर्ता-धर्ता हो। यो सर्वव्यापी, निराकार नै सर्वशक्तिमान, अजर-अमर सत्ता हो। विज्ञानको अनुसार

E=MC2 (जहां E= उर्जा, M=पिण्ड तथा C=वेग) । पिण्डको विखण्डनबाट उर्जा र उर्जाबाट विभिन्न ग्रहहरु, उपग्रहरु तथा जीवमण्डलको नियन्त्र । वेदान्त सिद्धान्तको अनुसार निराकारबाट साकार (पिण्ड) एवं साकारको पुनः निराकारमा समावेश हुंदै रहनु। ईश्वर अंश जीव अविनाशी कथन विज्ञानको कसौटीमा पनि खरा उर्तन्छ र किनभने जीव उर्जाको पुञ्ज हो र थर्मोडेनामिक्स नियमानुसार उर्जाको नाश होइन अपितु रुपान्तरण हुने गर्दछ। यसबाट स्पष्ट हुन्छ कि आत्मा (चेतन सत्ता) चोला परिवर्तन हुने गर्दछ, यो अविनाशी परमात्मा (निराकार) को अंश हो।

अध्यात्म र विज्ञान एक नै परम सत्यलाई दुई विभिन्न दिशाहरुमा खोज गर्नुमा संलग्न छन् । विज्ञान जड जगतको संरचना तथा क्रिया पद्धतिको निर्धारण, विवेचना गर्दछ जबकि अध्यात्म चेतन जगतको आवरणलाई अनावृत गर्दछ र रहस्यहरुलाई उद्घाटित गरेर यो भन्छ कि विश्व-ब्रम्हाण्डको यस अद्भुत शक्तिको व्यक्ति र समाजका उन्नयनमा श्रेष्ठतम उपयोग के हो ? जड र चेतनको द्विविध रहस्यको अनावरण तथा सदुपयोगको विधा जान्नु र सिक्नको लागि हामी अध्यात्म तथा विज्ञानको समन्वय-सन्तुलन बसालेर नै अगाडि बढाउनु पर्नेछ।

निकट भविष्यमा अध्यात्म र विज्ञान भिन्ना भिन्नै नजर आउने छैनन्, दुवै मिलेर 'अध्यात्म-विज्ञान' नामक विषय हुनेछ जसको कक्षाहरु शैक्षणिक संस्थाहरुमा लाग्नेछ र चरित्रको निर्माण हुनेछ एवं विश्व बन्धुत्वको सपना साकार हुनेछ।

अध्यात्म र विज्ञानको.

परमसत्ता ईश्वरसंग नाता गाँसेको हुन्छ र अरुलाई पनि ईश्वरसंग नाता जोडाउने कार्य गर्दछ।

आध्यात्मिक मानव सुख, सम्पत्ति, शान्ति, सन्तोष आदिको कामना गर्दैनन् तर पनि यीनीहरु आफूलाई यसको पछि-पछि दौडिरहेका हुन्छन्। गोस्वामी तुलसीदास जी ले रामचरित मानसको बालकाण्ड (२९३/१) मा उल्लेख गरिकाछन्-

जिमि सरिता सागर महुँ जाही।
जद्यपि ताहि कामना नाही।
तिमि सुख संपति बिनहि बोलाए।
धरमसील पहिं जाहिं सुभाए।

अर्थात जुन प्रकारले नदीहरु सागरमा गएर लिप्त हुने गर्दछन्, सागरलाई कुनै यस्तो लोभ लालच रहेको हुँदैन ठीक यसै प्रकारले सबै सुख-सम्पत्तिहरु आध्यात्मिक व्यक्तिसंग आफसे आफ आउने गर्दछ जबकि उसको इच्छा उसलाई रहेको हुँदैन।

वर्तमान समयमा निरंकारी मिशन मानवताको सन्देश जन-जनसम्म पुगाई रहेकोछ। मानवतालाई अपनाएर नै मानवले सुख-शान्ति एवं सन्तोष प्राप्त गर्न सक्दछ। निरंकारी मिशनले यो सिद्ध गरेर देखाएकोछ कि जबसम्म मानवलाई ब्रम्हाज्ञान हुँदैन तबसम्म उसको कल्याण असम्भ छ । इश्वर-भक्तहरुद्वारा नै मानवतालाई बचाउन सक्दछ र विश्वमा शान्ति स्थापित गर्न सकिन्छ। यो केवल ब्रम्हाज्ञानबाट मात्र सम्भव रहेकोछ। यो नै ब्रम्हाज्ञानको स्वरुप आज समयको सद्गुरु बाबा हरदेव सिंह जी महाराजले मानव समुदायलाई प्रदान गर्दै आई रहनु भएकोछ।

अल्लारे बालबालिका प्रति आमाको जिम्मेवारी

-सतनाम कौर

बालबालिकाहरु आमा-बुवाका बहुमूल्य सम्पत्ति मानिन्छन् । विशेष गरेर छोराको लागि हामी त्यति चिन्तित हुँदैनौ, त्यसको विपरित छोरीको बारेमा हामी निकै भयभित र चिन्ति रहेका हुन्छौ । तर छोराको हेरबिचार खासै गर्दैनौ, उसलाई जहाँ गएपनि स्वतन्त्र छोडि दिन्छौ । हाम्रो मस्तिष्कमा बसेको हुन्छ कि छोरा मान्छे छ, सुरक्षित छ तर यदि हामी यस्तो कुरा सोचि रहेकाछौ भने त्यो हामीले गल्ति गरिरहेका छौ । यो हाम्रो लागि मात्र होइन, छोराको लागि पनि हानिकारक हुन सक्छ । जहाँ छोराछोरीप्रति आमाबुवाको प्रेमको आवश्यकता छ भने त्यहाँ उनीहरुका आमा बुवाले पनि ध्यान दिनु आवश्यक छ । जब केटा र केटी जवानीको खुटकिलोमा पाईला टेक्न आरम्भ गर्दछन्, त्यति बेला उनीहरु सोच्ने गर्दछन् कि हामी अब ठूला भै सक्यो । त्यस समयमा उनीहरु कसैको कुरा, वा अरु कुनै चिजमा ध्यान दिन तयार हुँदैनन् । तातो रगत हुन्छ, रिस नाकमा रहेको हुन्छ । केटा-केटी एक अर्काप्रति आकर्षित हुनु स्वभाविक हुने गर्दछ । खराब अचरणमा फस्ने ठूलो सम्भावना रहेको हुन्छ । अर्कोतिर भविष्यलाई बनाउने समय पनि यहि नै उचित हुन्छ । यसकारण उनीहरुको सही मार्गदर्शन गर्न अति अवाश्यक रहेको हुन्छ ।

'आमाको प्रेम' अनमोल सम्पत्ति हुने गर्दछ । यसकारण उसलाई आफ्नो युवा भइरहेको छोराप्रति अधिक ध्यान राख्नु अति आवश्यक हुन्छ । जसरी छोरा बयस्क भैरहेको हुन्छ, आमाले उसलाई हेरेर मेरो छोरा ठूलो भएको आभास गर्दछे । उनले सोच्ने गर्दछिन् कि अब छोरा आफ्नो छोरा योग्य भैसक्यो, जसको फलस्वरुले उनले आफ्नो छोराप्रति त्यति ध्यान दिन छोड्ने गर्छिन् । आमाको छोराको प्रति र बुवाको छोरीको प्रति प्रेमको विशेष स्थान हुने गर्दछ । यस्तो अवस्थामा आमाको छोराप्रतिको दूरी टाढा हुन थाल्छ । किनभने छोराको मनमा उर्लिरहेको वयस्क जवानीले थाह छैन कि उसलाई कुन दिशातिर लिएर जानेछ त्यो थहा हुँदैन । यस्तो अवस्थामा आमाले आफ्नो छोराको लागि अनेकौ सामानहरुको किनमेल गर्नुको साथै खाने कुरा पनि बजार ल्याउनु गर्छिन वा छोरालाई बजारमा लिन पठाउने गर्छिन । जसको कारण छोराको जिब्रोको स्वाद बजारका खानाहरु

खाएर बिग्रन जान्छ, घरको खानाप्रति उसको रुचि बिस्तारै कम हुँदै जान्छ । अर्कोतिर आमा आफ्नो छोराको सामिप्यबाट टाढा हुँदै गई रहेकी हुन्छन् । समय बिति सकेपछि मात्र उनको हातमा पश्चाताप बाहेक अरु केही चिज प्राप्त हुँदैन ।

छोराको ईच्छाहरु रहन-सहन, फेशनेबल लुगाहरुतर्फ ध्यान केन्द्रित गर्नुमा आमा सहायक हुन सक्छिन् । यस उमेरमा छोराछोरीहरुले कुनै प्रकारको दाबाब, आदेश सहजै मान्न तयार हुँदैनन् । यसको बिपरित आमाबुबाले सम्झाएको कुरालाई आफू बिरुद्धको सम्झन थाल्छ । छोराछोरी त छोराछोरी नै हुने गर्दछन् । उनीहरुलाई सम्झाउने जिम्मेवारी आमाको रहेको हुन्छ । आमाले आफ्नो छोराछोरीको वातावरणलाई केलाएर सम्झाउछिन भने छोराछोरीहरु केही सिमासम्म सचेत रहन सक्छन् । कुनै कुनै छोराछोरीहरुले आमाबुबाको कुनै पनि कुरा नसुनेर आफ्नै मनमानी गर्न थाल्छन् । उनीहरु मनमानी खर्च गर्न थाल्छन् जसको कारणले आमा बुबालाई ठूलो समस्या झेल्नु पर्ने हुन्छ । यस कुराको आफ्ना छोराछोरीलाई अवगत गराउनु पर्दछ । यदि हामी उनीहरुको आवश्यकतालाई पुरा गर्न सक्छौ भने गरौ । तर यस कुराप्रति ध्यान राखौ कि यदि पटक-पटक हामी उनीहरुको खराब आचरणलाई उजागर गर्न सक्दैनौ भने, उनीहरुलाई डाट्दैनौ भने उनीहरुको बिग्रने अवसर अरु बढेर आउने गर्दछ । तसर्थ मौकामा नै उनीहरुलाई खराब कुराको अवगत गराउदै जाउँ । केटाकेटीहरुले पनि आफ्नो आत्म निरिक्षण गरुन ताकि खराब आचरणहरुबाट बच्न सकुन ।

धेरै पटक स्कूल, क्याम्पसमा गएर धेरै युवकहरु गलत साथीहरुको संगतको कारणले गर्दा नराम्रो बाटो अंगाल्न पुग्दछन् । कक्षा-कोठाबाट भागेर नशा आदिको सेवन गर्न आरम्भ गर्दछन् । उनीहरु आवार गुण्डा-गर्दीको शिकार हुन पुग्दछन् । यस समयमा चेतन हुन अति आवश्यक छ । आमा-बाबुले आफ्ना छोराछोरीको साथीहरुसंग सोधपुछ गर्नु आवश्यक हुन्छ । आमा-बाबुले उनीहरुका साथी-संगीहरुको चाल-चलनको बारेमा पनि जानकारी लिनु आवश्यक हुन्छ । उनीहरुको बानी-व्यहोरा कस्तो छ । यदि थाह हुन्छ भने उनीहरुलाई प्रेम पूर्वक सम्झाउनु पर्दछ । आफ्ना छोराछोरीहरुलाई असल व्यवहार भएका केटाकेटीहरुसंग संगत बनाउने सल्लाह दिनु पर्दछ । केटाकेटीहरुलाई यसै उमेरमा भविष्यको बाटोमा अगाडि बढ्ने प्रेरणा दिनु पर्छ ताकि भविष्यमा के बन्न सकिन्छ । यसबाट उनीहरु सही बाटोमा जानेछन् । खराब आचरणबाट उनीहरु स्वयं बच्नेछन् । उनीहरुको सोचविचारले सहि बाटोको आंकलन गर्नेछ ।

प्रायः युवा पीढी शारीरिक, मानसिक वा कुनै अरु प्रकारको समस्यामा फस्ने गर्दछन् । आमा-बुबाले उनीहरुको यस्तो चाल चलनको



ठीक-ठीक अन्दाज लगाएर उनीहरुसंग निकटता कायम गर्नु पर्दछ । किनभने जब बालक युवा हुन्छन् भने त छोरी कि आमा नै उसको साथी बन्ने गर्दछिन् र बुवा चाहि छोराको साथी बन्ने गर्दछन् । यसरी साथी-संगीको जस्तै छोराछोरीहरुको आत्मिय साथी बनौ । उनीहरुको भावनाको बारेमा अध्ययन गरौ । जब तपाईहरुलाई छोराछोरीहरुले आफ्नो हितैषी सम्झन थाल्छन् भने आफ्ना प्रत्येक कुरा तपाईको अगाडि राख्ने छन् । यस्तो अवस्थामा उनीहरुलाई गाली गर्नुको सट्टा दुरदर्शी बनेर उनीहरुको समस्याको समाधान गरौ । उनीहरुको चेतनालाई जाग्रत गरेर उनीहरुमा खराब-असल सोच्ने शक्ति उत्पन्न गरौ ।

नौजवान युवायुवतीहरुको सबैभन्दा ठूलो समस्या भनेको बेरोजगारी पनि हो । जसले धेरै पढेर नौकरी खोज्दा प्राप्त हुँदैन, त्यतिखेर तिनीहरु निराश हुने गर्दछन् । अनपढ नौजवान युवायुवतीहरुले त कुनै पनि काम गर्न सक्छन् तर पढे-लेखेका नौजवान युवायुवतीहरु भने यसलाई सानो काम सम्झेर यसलाई गर्नुले आफ्नो अपमान भएको सम्झन्छन् । राम्रो कपडा लगाएर खाली घुम्नु वा नौकरीको खोजी गर्नुमा त्यत्तिकै समय खेर फाल्ने गर्दछन् । त्यसपछि उनीहरु आफूलाई आफ्नो आमाबुवामाथि बोझ भएको सम्झन थाल्छन् । धेरै पटक यस्तो भएको अवस्थामा आमाबुवाले पनि उनीहरुलाई काम गर्ने दबाब दिन थाल्छन् । आमा बुवाले उनीहरुलाई बाध्यतालाई सम्झन सकिरहेका हुँदैनन् । भनिन्छ खाली दिमाग राक्षेसको घर हुने गर्दछ । यस्तो समयमा आमाबुवाले उनीहरुको हौसला बढाउनु पर्दछ जसले गर्दा उनीहरुले आफ्नो धारणालाई गलत नबनाउ सकुन । युवायुवतीहरु धेरै पटक उग्ररुप पनि धारण गर्दछन् । जस्तै कुनै अपराधीक समूहमा समावेश हुनु, कुनै धोखाधडीमा पक्नु, आत्म-हत्या गर्नु जस्ता कुराहरु पनि अगाडि आउने गर्दछन् । त्यस समयमा निकै सावाधानीपूर्वक बालबालिकाहरुको भविष्य सुनौलो बनाउनुमा उनीहरु सहायक हुन सक्छन् ।

धेरै पटक आमाबुवाले प्रेममा आएर वा आफ्नो दायित्वा पूरा गर्ने उद्देश्यबाट छोराछोरीको सानै उमेरमा विवाह गर्ने गर्दछन् । अहिले ऊ पूर्ण रुपबाट आफ्नो खुट्टामा उभिएको हुँदैन । धेरै पटक त शारिरीक रुपबाट पनि तयार भएको हुँदैन । सानी बुहारी पाएर हामी शुरुको अवस्थामा खुशी त हुन्छौ तर जब छोराको आम्दानीको कुनै स्रोत नै हुँदैन त्यतिबेला ति छोराबुहारी बोझ बन्न जान्छन् । कहिले काही त उनीहरुलाई घरबाट निकाला पनि गर्ने गरिन्छ । थोरै आम्दानीको कारणले गर्दा छोरा गृहस्थीमा टिक्न सक्दैन । यीनै कुराहरुबाट बिरक्त भएर तनाव बढ्न थाल्छ जसको कारण ऊ मानसिक तथा शारीरिक रोगी बन्न पुग्दछ । यसबाट आत्म हत्या गर्नु सिवाय अरु कुनै बाटो नजर आउदैन ।

श्राइजो कम भयो भन्ने कुरालाई ठूलो बनाउने कुरा सासु (आमा) ले गर्छिन्। चक्कीको बिचमा पेसि रहेको छोराले दुःख झेल्नु बाहेक अरु कुनै केही गर्न सक्दैन। यस्तो नगरेर यदि आमाले आफ्नो विशाल हृदय तथा प्रेमबाट सम्पूर्ण अवस्थालाई सही तरिकाबाट काम गर्दै आफ्नो वृद्धा अवस्थाबाट उनीहरुलाई राम्रो सल्लाह दिन्छौ भने सासु-ससुरा आफ्नो छोराबुहारीको लागि वरदान साबित हुने गर्दछन्। आमाको हृदय बिशाल हुनु अति आवश्यक छ।

यसको साथ साथै आमाले बाहिरी दबाब तथा बरिपरीका नजायज कुराहरुमाथि कहिले ध्यान दिनु हुँदैन। सधै आफ्नो घरको बुहारीलाई पहिलो स्थान दिनु पर्दछ। बुजुर्गहरुको सधै दबाब कुनै प्रकारले ठिक हुँदैन किनभने छोराबुहारीसंग उनीहरुले आफ्नो वृद्धा अवस्था बिताउनु पर्ने हुन्छ। यसप्रकार यो आवश्यक छ कि आमाले छोराको प्रत्येक खुशीहरुको आवश्यकता माथि अवश्य ध्यान दिनु पर्ने हुन्छ। आफ्नो प्रेमले भरिएको शितल छायामा छोराछोरीलाई बसालेर उनीहरुलाई बाहिरी आवरणबाट बचाएर राखौ ताकि आफ्नो छोरा एक राम्रो नागरिक, राम्रो सेवादार, खुशीले भरिएको जीवन तथा आफ्नो आउने बाला जिन्दगीको लागि एक बरदान साबित हुन सकोस।

आमाले आफ्नो छोराको ध्यान धार्मिक कुरातिर लगाउन पर्दछ। उसको ध्यान यति बलियो बनौं कि कुनै पनि अवस्थामा उसले प्रभु परमात्माको सहारालै बिमुख नहोस। उसलाई सत्संगमा जाने पनि प्रेरणा दिऔं। जसको कारण उसले संसारिक हैरानीले थकित नहोस।

युवा छोरा आमाको सहारा हुने गर्दछ। यसकारण प्रत्येक आमाको कर्तव्य बन्छ कि उनले आफ्नो छोरालाई एक राम्रो नागरिक, राम्रो सेवादार तथा एक राम्रो मानव बनौं र उसको आउने जीवन खुशीयालीले भरिएको होस। यी सबै कार्यहरु तब हुन्छन् जब आमाले आफ्नो छोरालाई साथ-संगतसंग जोडोस। उसलाई खराब लतबाट बचाएर राखोस र उसलाई प्रत्येक समय यस निराकार प्रभु परत्माको सहारा लिने प्रेरणा देऔं।

विशेष सूचना

सद्गुरु बाबा हरदेव सिंह जी महराजको आशिर्वादले सन्त निरंकारी (नेपाली) मासिक पत्रिका हुलाकको माध्यमद्वारा हजूरसम्म पुऱ्याउनको लागि आथक प्रयत्न गरिएकोछ। तर पनि जस्तो सन्त महात्माहरुको गुनासो आइरहेकोछ कि पत्रिका निरन्तर रुपमा पुगिरहेको छैन, माया मरेर पनि पत्रिका पाइरहेका छैनौ भन्ने कुरा छ। तर पत्रिका विभाग, मुम्बईले तोकिएको दिनांक (तारिख) मा हुलाक, मुम्बईबाट निरन्तर पोष्टिंङ गरिरहेकोछ। यसर्थ कसैलाई पत्रिका प्राप्त हुँदैन वा प्राप्त भए पनि ढिलो हुन्छ भने हजूरहरुले नजिकको हुलाक कार्यलय वा पत्र पुऱ्याउने हुलाकीको पनि दोष हुन सक्छ, त्यहाँ गएर पनि सर्म्पक गर्नु होला। साथै पत्रिका विभागले एउटा पाइला अगाडि बढाएकोछ कि कुनै महात्माको पत्रिका पुगिरहेको छैन् भने त्यस्ता महात्माहरुको नामावली बनाएर क्षेत्रका सत्संग मुखीको हस्ताक्षर गरी सत्संग भवनको ठेगानामा लेखेर पत्रिका विभाग दादरमा पठाउने कृपा गर्नु होला।

- सम्पादक

सत्संगको महत्व

-मिन बहादुर सुनार, मुम्बई

बुढा-पाखा भन्नु हुन्थ्यो जस्तो संगत गर्छौं, त्यस्तै प्रकारको गुणहरु हाम्रो जीवनमा अंगिकार हुन्छ, त्यस्तै प्रकारको हाम्रो जीवन व्यवहार निर्माण बन्दछ । भलाको सेवक हुनु, सानोको राजा न हुनु भने जस्तै यदि हामी जसले यो अमूल्य चोला प्रदान गरयो । हामीलाई एउटा चेतन सत्ता प्रदान गरयो, त्यसको बारेमा जानकारी गरौला या उसको यशो-गान गरौला त हाम्रो जीवन सार्थक हुन्छ। यदि नाशवान बस्तुको संगत गरौला, नशालु पदार्थको आधार लिएर कार्य गरौला त हामी मनुष्य जीवनलाई सार्थक गर्न सक्दैनौ। किनभने त्यो नाशवान बस्तु अरुको आधारमा हुन्छ । हाम्रो के आधार गर्न सक्छ । त्यसकारण जीवनमा सत्यको आधार लिनु अनिवार्य छ । जसले गर्दा हाम्रो जीवनको मोडलाई सत्यताको प्रति दृढता विश्वास दिलाउछ। त्यो सत्यतामा दृढता ल्याउनको लागि सत्संगको आवश्यकता पर्दछ । त्यो सत्संगको स्थान सद्गुरु दरबाट प्राप्त हुन्छ । जहाँ सद्गुरुका अनुयायीहरु बसेर सत्यको परिचर्चा जो सधै रहने नशा न हुने, न जन्मने, न मर्ने, न रंग, न रुप, अक्षेद, अभेद, जुन भगवान कृष्णले अर्जुनलाई रणभूमिको मैदानमा यो विशाल, विराट रुपको दर्शन गराउनु भयो। त्यस विषयमा जहाँ परिचर्चा हुन्छ । त्यसलाई नै सत्संग भनिन्छ।

सत्संग गर्नुको महत्वको बारेमा एउटा महात्माले आफ्नो विचारमा भन्नु हुन्थ्यो, एउटा आश्रममा कबिर जी बस्नु हुन्थ्यो । उहाँका शिष्यहरु पनि थिए । एक दिन एउटा शिष्यले आएर सोध्यो, गुरु महाराज सधै सत्संग गर्नुको के महत्व हुन्छ ? गुरु जी ले शिष्यलाई केही न भनेर उहाँले एउटा घन उठाउनु भयो र त्यही नजिक गाई बाँधेको किला थियो, त्यसमा तेजिलो बलको प्रयोग गरेर त्यो किला माथि घनले ठोक्नु भयो । त्यस घनमाथि ठोक्ने क्रम तिन/चार दिनदेखि चलि रहेनको थियो । यो कार्य देखेर शिष्य अतिक्रोधित भएर त्यस शिष्यले गुरु जी संग भन्यो, 'गुरु जी मैले हजुरलाई सत्संगको महत्वको बारेमा तिन/चार दिनदेखि सोधी रहेका छु तर हजूरले त्यसको कुनै उत्तर दिनु हुँदैन, त्यसको विपरित किलामाथि घनले मात्र ठोक्नु भन्नु हुन्छ ? यसको कारण के हो मैले त बुझ्नै सकेन ।' गुरु जी ले आफ्नो शिष्यको कुरा धैर्य पूर्वक सुनेर भन्नु भयो कि वत्स, मैले त तिम्रो प्रश्नको उत्तर तिन/चार दिनदेखि दिरहेको छु । शिष्यले गुरु जी को कुरा सुनेर भन्छ, कसरी ? गुरुले शिष्यलाई सम्झाउदै भन्नु भयो- पहिलो दिनदेखि नै मैले तिम्रो प्रश्नको उत्तर दिरहेको थिए । गाईको किलामाथि घन ठोक्दै थियो किला तल धासिदै गई रहेको थियो । आज तिन/चार दिनमा ठोक्दासम्म त्यो किला जमिनको तलसम्म पुगि सक्यो । अब गाईले त्यसलाई निकाल्न सक्दैन । ठिक यस्तै प्रकारले नियमित सत्संग गर्नुले आफ्नो जीवनमा सद्गुरु प्रति दृढता तथा विश्वास हुँदै जान्छ। जसको कारणले गर्दा हाम्रो भक्तिप्रति बल प्राप्त हुन्छ। यो नै सत्संग गर्नुको महत्व हो । हामी बिमारी हुन्छौ । डाक्टर कहाँ जान्छौ। डाक्टर कहाँ तबसम्म जान्छौ, जबसम्म हाम्रो रोग ठिकसंग सञ्चो हुँदैन । रोग राम्रो नभएपछि अस्पतालमा भर्ना भएर रोगको निदान गर्ने तिर लाग्छौ । शरीरमा लागेको रोगको

निदानको लागि अनेक प्रकारका प्रयत्न गर्दछौ।

त्यस्तै प्रकारले हाम्रो मन रुपी शरीरमा पनि अनेकौ प्रकारका विकारका रोगहरु लागेका हुन्छन् । जस्तै- काम, क्रोध, लोभ, मोह, निन्दा, चुक्ली, फटाह, बेर, विरोध, कामना पूर्ति आदि जस्ता धेरै प्रकारका रोगहरु मन रुपी शरीरमा लागेका हुन्छन् । ति मन रुपी विकार रोगहरुले हाम्रो मन रुपी शरीरबाट जादैनन् । हाम्रो जीवनमा सुख-शान्ति प्राप्त हुँदैन । यी रोगहरुबाट छुटकारा पाउनुको लागि हामीले नियमित रुपले सत्संग गर्नु अनिवार्य हुन्छ । जबसम्म यी विकारहरुबाट मुक्त हुँदैनौ तबसम्म हामीले सत्सगमा नियमित रुपले आफ्नो नाता गाँसि रहनु पर्दछ । आज मन रुपी शरीरको रोग (विकार) को विशेषज्ञ हाम्रो जीवनमा सद्गुरु बाबा हरदेव सिंह जी महाराजको रुपमा प्रकट हुनु भएकोछ । विश्वका सम्पूर्ण जन-जातीको मनका रोगहरुलाई निर्मूल गर्नको लागि संसारको हरेक कुना-कुना सबैको घर दैलोमा पुगेर मानव जातिलाई मानवतामा हुने गुणहरुको अवगत गराउदै प्यार, नम्रता, भाईचारा बन्धुत्वको पाठ पढाउदै आई रहनुको भएकोछ । मन रुपी रोगका विकारहरुको नष्ट गर्दै विश्वलाई एकताको सुत्रमा जोड्ने प्रयत्नमा रात-दिन लाग्नु भएकोछ । सभ्य र सुन्दर समाजको निर्माण गरी रहनु भएकोछ । सम्पूर्ण विश्वलाई सुखी गर्नको लागि प्रकट हुनु भएकोछ।

युग पुरुष शहंशा बाबा अवतार सिंह जी महाराजले आफ्नो मुखारबिन्दबाट भन्नु भएकोछ-

सारा यो संसारको निम्ति, सद्गुरु जगमा आउँदछ।
केवल पर-उपकारको निम्ति, सद्गुरु जगमा आउँदछ।
संसारको उद्धारको निम्ति, सद्गुरु जगमा आउँदछ।
एक प्रभुको प्रचारको निम्ति, सद्गुरु जगमा आउँदछ।
सद्गुरु जस्तो कुनै दाता छैन् यसको जस्तो मत छैन्।
सद्गुरु अवतार गुरु बिना त ईश्वरको दरमा इज्जत छैन।

सद्गुरु विशेष व्यक्ति, जाति, भाषा, देशको लागि नभई सम्पूर्ण विश्व कल्याण र सुखी तथा उद्धार गर्नको लागि प्रकट हुनु भएकोछ । सबैलाई यो परमात्मा-निराकारको दर्शन गराएर सम्पूर्ण जीव-प्राणीहरुको उद्धार गर्नु हुन्छ । सद्गुरु आफू प्रकट हुने कालमा आफ्नो अन्य भक्तहरुलाई प्रकट गराएर मानव जातिको उद्धार गरे र उनको आवगमन यात्रालाई मुक्त गराएर यो परम सत्तामा विलिन गराई दिनु हुन्छ। यो नै सद्गुरुको विशेषता हुन्छ । यी सबै विधिहरु सत्संगको कृपाबाट मात्र प्राप्त हुन्छ । सत्संगले भक्तीमा दृढता ल्याउछ । भक्तिबारेमा बाबा जी भन्नु हुन्छ, भक्ति आफ्नै घरबाट आरम्भ गरौं ।

आउनुहोस हामी सबै समयको सद्गुरुमा नम्र भएर अहं भावलाई त्यागदै, गुरुप्रति दृढ विश्वास राख्दै जीवनको हरेक पलहरु निरंकार-सद्गुरुको स्मरणमा बितोस र सद्गुरुको प्रचार-प्रसारको सहयोगी बनि आफ्नो जीवनलाई सार्थक गरौं ।

एक तूहि निरंकार

'ज्ञान-कर्मको संगमले नै स्वर्ग बन्दछ, घर संसार'
-निरंकारी बाबा जी

सत्संगको कार्यक्रम

प्रत्येक शनिबार साँझ ७ बजेदेखि ९ बजेसम्म सन्त निरंकारी नेपाली भाषिक सन्त परिवार बसेर गुरुको यशोगान (सत्संग) को कार्यक्रम निम्न स्थानमा हुने भएकोले सम्पूर्ण नेपाली भाषिक सन्त परिवारलाई सत्संगमा सहभागी हुन हार्दिक अनुरोध गरिन्छ ।

स्थान-रेल्वे यार्ड नाडकर्णी पार्क, नोलेज सेन्टरको नजिक, न्यू वि.पी.टी. कलोनी, वडाला (पूर्व), मुम्बई-४०००३७

सम्पर्क-मिन बहादुर सुनार-
८९७६६७२५४५,
कृष्ण गोदार-८९८६३२२६८

भजन, गीत प्रकाशनको लागि विशेष सूचना

गीतकार, रचनाकार, गायक सन्त-महात्माहरूमा बिन्ती

सद्गुरु बाबा हरदेवसिंह महाराजको असिम कृपाले आज सन्त निरंकारी मिशनको प्रचार-प्रसार विश्वभरि चलिरहेको कुरा सर्वविदितै छ । सद्गुरु बाबा जी को विशेष यस्तो अपेक्षा छ कि, सत्संगको वातावरण भक्तिमय होस । त्यसको लागि गीतकार, गायक, रचनाकार महात्माहरूको लागि निम्न मार्ग दर्शन, दिशा-निर्देशन मिशनद्वारा जारी गरिएको कुरा सूचित गरिन्छ ।

१:-प्रादेशिक भाषामा प्रकाशित हुने गीत (शब्दरचना) संगीतको धुन यसको जाँच क्षेत्रिय साहित्य अवलोकन समितिले गर्नेछ । त्यसको अन्तिम रूप दिनको लागि प्रकाशन विभागलाई पठाउने कार्य गर्नेछ ।

२:-सत्संग तथा अरू भक्तिमय वातावरण निर्माण गर्नको लागि चलचित्र ताल-लय भएका धुनहरूको उपयोग न होस, स्वयंको धुन भए अति राम्रो ।

३:-विशेषतः सन्त निरंकारी (नेपाली) भाषिक गीत र रचनाहरूको अत्यन्त सन्त परिवारले माग भैरहेकोछ । सद्गुरुको कृपाले सन्त निरंकारी (नेपाली) पत्रिका मुम्बईबाट प्रकाशित भएको हुँदा पत्रिका विक्रिको लागि सन्त निरंकारी समारोह, विशाल कार्यक्रम, समागम पत्रिका सदस्य प्राप्त गर्नको लागि बिक्रि काउण्टरमा बस्दा सन्त निरंकारी परिवारले भजन-गीतहरू माग गरिरहेका छन् । त्यस समयमा त्यो साहित्य आफूसंग न हुँदा दुःख लागेर आउने गर्दछ ।

४:-सबै गीतकार-रचना, गायकहरूलाई नम्र निवेदन छ कि हजूरहरूद्वारा रचित गीत, रचनाहरू तल उल्लेखित सन्त निरंकारी मण्डलको कार्यलयमा पठाई प्रकाशनमा सहयोग गर्न हुन हार्दिक अनुरोध गरिन्छ ।

५:-सबै गीतकार-रचनाकारहरूलाई बिन्ति गरिन्छ कि गीत र रचना मण्डल प्रति नै होस । गीत, भजन रचनाहरू पठाउदा राम्रो, सफा अक्षरमा कुनै केरमेट नगरेर, सकिन्छ भने टाइपिङ गरेर पठाउनु होला, जसले गर्दा हामीलाई जाँच गर्न सजिलो होस ।

६:-सबै गीतकार-रचनाकारले आफ्नो नाम, मोबाईल नं.आफ्नो ठेगाना पनि दिनु होला, जसको सहाराले हजूरलाई कार्यालयमा बोलाई सेवा लिन सकौं, गीत, भजनको लय र धुन सुन्न सकौं ।

सन्त निरंकारी (नेपाली) पत्रिका बिभाग
सन्त निरंकारी सत्संग भवन, ९०, मोर बाग रोड,
नायगांव, दादर (पूर्व), मुम्बई-४०००१४, फोन-२४१०२०४७, मो८९७६६२५४५

भन्छ अवतार

मूल पंजाबी

१ तूंही निरंकार

होवे जे लख बाहवां वाला तां वी छुटकारा नहीं।
नाम लई जा नाम जपी जा इस बिन पार उतारा नहीं।
सौ सौ मुशकल भारी वी जे राह विच्च तेरी आ जाए।
याद हरि दी छिन विच आ के बेड़ा पार लगा जाए।
सौ सौ जूनां भुगते बंदा आन्दा जान्दा रहंदा ए।
हरि नूं जेहड़ा जाण लए ओह घर वाला हो बहन्दा ए।
मैल दिलां दी जांदी नहीं जे तीरथ पिंडा धो लईये।
पाप करोड़ां धुल जांदे अवतार जे गुर दा हो रहिये।

स.अ.वा.सं.(४०)

१ तिमी निरंकार

लाखौं भुजा होस् यदि तिम्रो छैन तैपनि छुटकारा।
नाम लिंदै जाऊ नाम जप्दै जाऊँ यो बिना छैन् पार उतारा।
लाखौं कठिनाई कष्ट यद्यपि आई परे यदि बाटोमा।
याद प्रभुको त्यही क्षण आए पार लगाउँछ खाँचोमा।
सौ-सौ योनी भोग्द छ मानव आउने जाने गर्दछ।
तर यदि जसले हरिलाई जान्यो घरवाला त्यो बन्द छ।
मनको मैलो जादैन कहिले तीर्थमा गई नुहानाले।
अवतार करोडौं पाप मेटिन्छ गुरुको द्वारमा आउनाले।

स.अ.वा.सं.(४०)

भावार्थ

शहन शाह बाबा अवतार सिंह जी उपरोक्त शब्दाशमा स्पष्ट पार्दै भन्नुहुन्छ-जस्तै कुनै व्यक्तिका लाखौं हात छन् अथवा शारिरिक रुपमा पूर्ण बलवान छ परन्तु त्यससंग जे जति क्षमता भएपनि त्यसले भवसागरलाई पार गर्न सक्दैन। भवसागर पार गर्नको निम्ति ईश्वरको सुमिरण गर्नु अनिवार्य हुन्छ। जब हामी दैनिक कार्यमा यस प्रभु परमात्माको सुमिरण गर्ने गर्दछौं भने हाम्रो व्यवहारिक जीवनमा जे जस्ता कठिनाई आए पनि भवसागर पार हुन सक्ने छैनको भन्ने कुरामा अलिकति पनि शंका छैन्। यस प्रभु परमात्मालाई जानेर यसको सुमरिण गर्दैनौ भने लाखौं योनि भोगे पनि जन्म मृत्युको चक्र समाप्त हुन सक्दैन। जसले यो प्रभु परमात्मा, ईश्वरलाई जान्दछ त्यसलाई मात्र आफ्नो निजघर प्राप्त हुन्छ। यो निज घरलाई जान्नको लागि सद्गुरुका चरणमा समार्पित हुनुपर्छ र त्यसपछि मात्र अनन्त पापको नाश हुन्छ। तीर्थ स्थानहरुमा गएर स्नान गर्नाले मन निर्मल हुनसक्दैन।

भवसागर पार गर्नको लागि शक्तिको होईन युक्तिको आवश्यकता पर्दछ र त्यो युक्ति समयको सद्गुरुले सिकाउँछ। त्यो युक्ति दुई चार नभएर एउटै मात्र उपाय छ सद्गुरु द्वारा हरीलाई जानेर सद्गुरुका वचन अनुसार जीवनलाई ढाल्नु। जीवनमा उतार-चढाउ आउँदै रहन्छ सुख र दुख सबैलाई हुन्छ तर जसले हरीलाई जान्दछ त्यो सुख र दुखबाट प्रभावित हुदैन।

जस प्रकार तुलसी दास जी भन्नुहुन्छ।

तुलसी इस संसार में सुद दुःख राव को होय।
ज्ञानी काटे ज्ञान से अज्ञानी काटे रोय।

अज्ञानी मानिस सुख आए पछि हावामा उड्न थाल्छ भने सुख र दुख एउटै सिक्काका दुई पाटा हुनुको कारण सुख र दुख पछि दुख पनि आउने गर्दछ तर सिक्काको एकापट्टी मात्र हेरेर सुखमा अलपत्र परेर मग्न रहन्छ र दुख आएपछि रुदै बस्छ। सन्त-महात्माहरु भन्छन्।

सुख सपना दुःख बुद बुद दोनो ही मेहमान
सबको आदर दीजीए जो भेजे भगवान।

सुख सपना जस्तै हुन्छ र दुःख कर्कलोको पातमा जमेको पानीको थोपा जस्तै हुन्छ। भन्नुको तात्पर्य के हो भने यी दुइटै कुराहरु अटल रहने छैन्। अटल रहने एउटै निरंकार परमात्मा छ र त्यो अनन्द स्वरुप छ यससंग नाता जोड्ने जिवात्मा पनि आनन्दमय हुन्छ मन निर्मल गर्ने कुनै पनि भौतिक साधन छैन तीर्थ स्थानहरुमा गएर नुहाउनाले मन निर्मल हुन सक्दैन। मन पवित्र गर्नाको लागि त्यसको नाता परम पवित्र यस्ता प्रभु संग जोड्नुको आवश्यकता छ। जसले यससंग नाता जोड्छ त्यसको मन निर्मल हुन्छ पापलाई धुने काम समर्थ सद्गुरु गर्दछ। समयको सद्गुरुको चरणमा समर्पित भएपछि आफै मुक्ति प्राप्त हुन सक्छ।

-अर्जुन सिंह मयालती

बांदा (उ.प्र.) मा आयोजित सत्संग समारोहमा उपस्थित विशाल जनसमूहलाई सम्बोधन गर्दै सद्गुरु बाबा जी

खुर्जा (उ.प्र.) मा नवनिर्मित सत्संग भवनको उद्घाटन गर्दै सद्गुरु बाबा जी, साथमा हुनु हुन्छ पूज्य माता जी

बागपत (उ.प्र.) मा आयोजित सत्संग समारोहमा सद्गुरु बाबा जी को पावन वचन श्रवण गर्न उर्लिएको विशाल मानव परिवार

RNI NO. MAHNEP/2009/29582
Postal Regd. No. MH/MR/EAST/186/2013-2015
Publishing date 1st of every month
Posted at Dadar Head Post Office, Mumbai-400 014
on dated 2nd of every month

समागम मैदान, निरंकारी चौक, दिल्लीमा आयोजित मानव एकता दिवस समागमको अवसरमा मानव एकताको सन्देश दिदै सद्गुरु बाबा जी, साथमा हुनुहुन्छ मातृशक्तिहरु

मानव एकता दिवसको अवसरमा रक्तदान शिविर श्रृंखलाहरुको शुभारम्भ गर्नुभन्दा पहिले रक्तदाताहरुलाई आशीर्वाद प्रदान गर्दै सद्गुरु बाबा जी, साथमा हुनुहुन्छ माता जी ।

संगम नगरी इलाहाबाद (उ.प्र.) मा संगम तटमा आयोजित सत्संग समारोहको विशाल दृश्य